| | कम्प्युटर तथा पार्टस | १११,८७७ | | | | १११,८७७ | | १११,८७७ | २५% | २७,९६९ | ८३,९०८ |
| | सि.सि.टि.भि. क्यामेरा | १४,९१३ | | | | १४,९१३ | | १४,९१३ | २५% | ३,७२८ | ११,१८५ |
| | ईन्भर्टर | ४५,५९५ | | | | ४५,५९५ | | ४५,५९५ | २५% | ११,३९९ | ३४,१९६ |
| | टि.भि. | ३,७१२ | | | | ३,७१२ | | ३,७१२ | २५% | ९२८ | २,७८४ |
| | एयर कन्डिश्नर | ११,६९१ | | | | ११,६९१ | | ११,६९१ | २५% | २,९२३ | ८,७६८ |
| ग) | सवारी साधन: | | | | | | | | | | |
| | मोटरसाइकल, साइकल | ८,२४६ | | | | ८,२४६ | | ८,२४६ | २०% | १,६४९ | ६,५९७ |
| घ) | लिजहोल्ड: | | | | | | | | | | |
| | अफिस सेटअप | २२०,८१३ | | | | २२०,८१३ | | २२०,८१३ | १५% | ३३,१२२ | १८७,६९१ |
| ङ) | अदृष्य सम्पत्ती: | | | | | | | | | | |
| | सप्टवेयर | ७४,२२५ | | | | ७४,२२५ | | ७४,२२५ | १५% | ११,१३४ | ६३,०९१ |
| | अन्य | - | - | - | - | - | | | | | |
| | जम्मा | २०,३३७,०९८ | ३,८०० | - | - | २०,३४०,८९८ | - | २०,३४०,८९८ | ४०१,२८१ | १९,९३९,६१७ | |

व्यवस्थापक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य

R.M. Regd.Auditors Koteshwor, Kathmandu

# फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.

धुम्बाराही, काठमाण्डौ

## आ. व. २०७९/०८० को टि.डि.एस रकमको विवरण

| सि.नं. | विवरण | खर्च रकम | कट्टी दर | टि.डि.एस.रकम | मिति | भौचर नं. | रकम | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| १ | तलव खर्च | १,५५७,२३३.७१ | १% | १५,५७२ | | | | १७,८४७.८३ |
| | कर्मचारी बोनस (२०७८/०७९) | २२७,५४९.०० | १% | २,२७५ | | | | |
| २ | बैठक भत्ता | २२८,८२४.३५ | १५% | ३४,३२४ | | | | ६०,४४३.८५ |
| | पारिश्रमिक कर | १९,७०२.०० | १०% | १,९७० | | | | |
| | (तलव खर्च तथा कर्मचारी बोनस (२०७८/०७९) | | | | | | | |
| | | १६१,०००.०० | १५% | २४,१५० | | | | |
| ३ | कानूनी खर्च | १०,०००.०० | १५% | १,५०० | | | | ६,२७५.६१ |
| | ए.एम.सी. खर्च | २२,६००.०० | १५% | ३,३९० | | | | |
| | सूचना प्रकाशन खर्च | ९२,३७४.०० | १.५% | १,३८६ | | | | |
| ४ | लेखापरिक्षण शुल्क | ७५,०००.०० | १.५% | १,१२५ | | | | १,१२५.०० |
| ५ | निक्षेपमा व्याज खर्च | २६,४२३,६३६.५४ | ५.०% | १,३२१,१८२ | | | | १,३२१,१८१.८३ |
| ६ | लाभांश कर | ६,१९५,०४३.३० | ५% | ३०९,७५२ | २०७९.०४.०२ | ३५८८४२२२ | २३३,८६३.०० | ७५,८८९.१७ |
| | (आ.व. २०७८।०७९) | | | | | | | |
| जम्मा | | ३५,०१२,९६३ | | १,७१६,६२६ | | | २३३,८६३.०० | १,४८२,७६३.२८ |

**अग्रिम आयकर तथा पूजीगत लाभकर**

| | | | |
|---|---|---|---|
| १) | मितिः २०८०.०३.२४- अग्रिम आयकर भुक्तानी | भौचर नं. ४२७१४७४८ | १६५,०००.०० |
| | जम्मा रकम | | १६५,०००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक | |
| सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य |

R.M. [illegible] & CO. Regd.Auditors Koteshwor, Kathmandu

# फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.

धुम्बाराही, काठमाण्डौ

## प्रमुख लेखा नीतिहरू र लेखा सम्बन्धी टिप्पणीहरू

**प्रमुख लेखा नीतिहरू र लेखा सम्बन्धि टिप्पणीहरू**

फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.सहकारी ऐन २०४८, बमोजिम नेपालमा स्थापना भएको सहकारी संस्था हो । यस सहकारी संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ४, धुम्बाराहीमा रहेको छ । यस संस्थाले आफ्ना सदस्यहरुको हितको अभिवृद्धीका निम्ति आफ्ना सदस्यहरु माझ कारोबार गर्दै आएको छ । डिभिजन सहकारी, सहकारी विभागबाट बचत तथा ऋण कारोवार सञ्चालन गर्ने गरी मिति २०७६।१२।१७ मा र मिति २०७१।०४।१२ मा बहुउद्देश्यीय कारोबार गर्ने अनुमति प्राप्त गरीआफ्नो कारोवार सञ्चालन गरेको छ ।

संस्थाको वित्तिय विवरण तयार गर्दा अबलम्वन गरिएका प्रमुख लेखा नीतिहरु तल उल्लेख गरिएको छ ।

१. **जेथा** (Equity) :

सम्पत्तीबाट सम्पूर्ण दायित्व घटाए पश्चात रहने सदस्यहरुको स्वार्थ नै जेथा हो । यस अन्तर्गत सदस्यहरुले लगानी गरको रकम, सञ्चित मूनाफा तथा सञ्चित मूनाफाबाट विनियोजन गरिएको जगेडा लगायतका कोषहरू पर्दछन् ।

**क) शेयर पूँजी:**

शेयर पूँजी अन्तर्गत सदस्यहरूले लगानी गरेको रकम पर्दछन् भने प्रति शेयर अंकित मूल्य रू.१०० रहेको छ ।

**ख) कोषहरू:**

सहकारी ऐन, २०४८ तथा सहकारी नियमावली, २०७५ अनुरुप करपछिको खुद नाफाको २५% ले हुन आउने रकम रू.२८,१२,४१३।- साधारण जगेडा कोषमा र सहकारी प्रवर्द्धन कोषमा खुद नाफाको ०.५% ले हुन आउने रकम रु.४२,१८६।- रकम छुट्टाईएको छ । साथै स्थिर सम्पत्ती बेच्दाको नाफा तथा पूँजीगत अनुदानको विलम्बित आय तथा अपलेखन गरी नाफा नोक्सान हिसाबमा जनाईएको आम्दानी जगेडा कोषमा रकमान्तर गरिएको छ ।

**ग) संरक्षित पूँजी फिर्ता कोष:**

सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ अनुरूप साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा छुट्टाएपछि बाँकी रकमलाई शतप्रतिशत मानी संस्थाको विनियम अनुसार सञ्चालक समितिले निर्णय गरे बमोजिम निम्नानुसार वितरण गरिएको छ:

| कोषहरु | प्रतिशत | रकम | |
|---|---|---|---|
| १. | शेयर लाभांश कोष | ६५% | ४,०८५,७३३ |
| २. | सहकारी संस्था विकास कोष | ५% | ३१४,२८७ |
| ३. | सहकारी शिक्षा कोष | ५% | ३१४,२८७ |
| ४. | जोखिम व्यवस्थापन कोष | ५% | ३१४,२८७ |
| ५. | कर्मचारी बोनश कोष | ५% | ३१४,२८७ |
| ६. | सहकारी संस्था स्थिरीकरण कोष | ५% | ३१४,२८७ |
| ७. | डुवान्त ऋण कोष | ५% | ३१४,२८७ |
| ८. | सामुदायीक विकस कोष | ५% | ३१४,२८७ |

२. **सम्पत्तीहरु**

सम्पत्ती भन्नाले वितगका घट्नाक्रमहरुले गर्दा निकायको नियन्त्रणमा आएका त्यस्ता श्रोतहरुलाई जनाउँदछ जसको उपयोगबाट निकायले भविष्यमा आर्थिक लाभ प्राप्त गर्न सक्ने सम्भावनाहरु आङ्कलन गरेको हुन्छ ।

वासलात मितिमा संस्थाको नियन्त्रमणमा रहेको तथा भविष्यमा आर्थिक लाभको आङ्कलन गरिएको नगद, बैंक

खाता, लगानी, उपकरण, कर्जा तथा सापटी, स्थिर सम्पत्ती लगायतका सम्पूर्ण सम्पत्तीहरूलाई संस्थाको वासलातमा समावेश गरिएको छ ।

**क) कर्जा तथा सापटी:**

यस शिर्षक अन्तर्गत असार मसान्त सम्ममा ४७ जना सदस्यहरूलाइ प्रत्येक्ष रुपमा प्रदान गरिएको अल्पकालीन तथा दिर्घकालीन कर्जा तथा अन्य विभिन्न किसिमका कर्जाहरु पर्दछन । यस संस्थाले कर्जा तथा सापटीलाई कर्जा प्रवाह भएको मितिमा लेखाङ्कन गरी र कर्जा चुक्ता भएको मितिमा फर्छ्यौट भएको जनाइने नीति लिएको छ ।

**ख) लगानी:**

नेपाल सरकारले जारी गरेको ऋणपत्र, नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल वा सहकारी ऐनले निर्धारण गरेको अन्य लगानी लगायतका नियमित रूपमा व्याज तथा लाभांश आर्जन गर्ने स्वदेशी बैंकमा राखिएका शेयर र मुद्दती निक्षेपलाई वासलातमा "लगानी" शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

अल्पकालीन लगानीलाई लागत वा उचित बजार मूल्य मध्येको कम रकममा लेखाङ्कन गरिन्छ । असली मूल्य ( Realized Value) मा हुने गिरावटलाई नाफा-नोक्सान हिसाबमा प्रस्तुत गरिएको छ । लगानीको असली मूल्य पूनः वृद्धी भएमा लगानीको लागतको हदसम्मको वृद्धीलाई आम्दानीमा देखाईन्छ ।

दीर्घकालीन लगानीलाई प्राय लागतमा देखाईन्छ । सो लगानीमा स्थायी रुपमा आएको गिरावटलाई मात्र नाफा-नोक्सान हिसाबमा खर्चमा लेखाङ्कन गरिन्छ । गिरावट आउनुको कारण विद्यमान नरहेको खण्डमा सो गिरावट रिभर्सल गरिन्छ ।

**ग) स्थिर सम्पत्ती:**

स्थिर सम्पत्तीहरु त्यस्ता पूर्जीकृत सम्पत्ती हुन जसलाई एक आर्थिक वर्षभन्दा बढि अवधिका लागि सेवा आपुर्ति गर्न वा कार्यालयको प्रशासनिक कामकाजमा प्रयोग गरिन्छ । स्थिर सम्पत्तीहरू अन्तर्गत संस्थाको स्वामित्वमा दर्ता रहेका भवन तथा जग्गा, कार्यालय उपकरण, सवारी साधनहरु, वाहालमा लिएको भवनमा स्थापना गरिएका सम्पत्तीहरु तथा निर्माणाधिन अवस्थामा रहेका सम्पत्तीहरु पर्दछन । स्थिर सम्पत्तीको लेखाङ्कनका लागि संस्थाले निरन्तर रुपमा लागत विधि अपनाएको छ ।

**घ) अभौतिक सम्पत्तीहरु:**

भविष्यमा लाभ प्राप्त हुनसक्ने तथा लागत मुल्य यकिन गर्न सकिने अभौतिक सम्पत्तीलाई लागत मूल्यमा लेखाङ्कन गरिन्छ । अभौतिक सम्पत्ती अन्तर्गत संस्थाले खरिद गरेको Software पर्दछ । संस्थाले खरिद गरेको Software को सम्पत्ती लेखाङ्कन गर्दा खरिद मूल्यमा ह्रासकट्टी तथा अन्य सञ्चित क्षय नोक्सानी घटाईन्छ । Software को ह्रास कट्टी Diminishing Balance ह्रासकट्टी विधि अनुसार नै गरिएको छ ।

**ङ) मसलन्द मौज्दात विवरण:**

मसलन्द मौज्दात अन्तर्गत कार्यालयको प्रशासनिक कामकाज एवम् सेवा प्रवाहको दौरानमा सामान्यतया एक पटकको प्रयोगमै सम्पूर्ण रुपमा खपत हुने विभिन्न प्रकारका सामाग्रीहरु जस्तै कागज तथा कागज जन्य फाइल, भौचर, फारम, इत्यादी समाग्रीहरु, प्रिन्टर तथा फोटोकपीमा प्रयोग हुने मसी, डेविड तथा क्रेडिट कार्ड, कलम, लगायतका सामाग्रीहरुलाई प्रस्तुत गरिन्छ ।

**च) भुक्तानी प्राप्त गर्न बाँकी ब्याज:**

संस्थाका सदस्य तथा कर्मचारिलाई प्रदान गरिएको कर्जा खाताहरुमा प्रत्येक दिनको अन्तमा बक्यौता रहने रकममा दैनिक रुपमा गणना हुने व्याज रकम तथा संस्थाले लगानी गरेका उपकरणहरुमा दैनिक रुपमा आर्जित हुने व्याज रकमलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । ग्राहकलाई प्रदान गरिएको कर्जा रकममा आर्जित व्याज रकमलाई सदस्यबाट नगद प्राप्त नभएसम्म यस शीर्षकमा लेखाङ्कन गरिन्छ । नगद प्राप्त भएको मितिमा नाफा-नोक्सान हिसाबमा आयमा लेखाङ्कन गरिन्छ ।

**छ) अग्रिम भुक्तानी:**

भविष्मा प्राप्त गरिने सेवाहरु जस्तै बीमा, भवनको वाहाल, सञ्चार सेवा, करार अन्तर्गत मर्मत सम्भार सेवा र अन्य विविध सेवाहरुको आपूर्तिका लागि अग्रिम रुपमा भुक्तानी गरिने रकम नै अग्रीम भुक्तानी हो । संस्थाले अग्रीम भुक्तानी गरिएको रकमलाई भुक्तानी मितिमा पुर्ण मुल्यमा सम्पत्तीका रूपमा लेखाङ्कन गरी सेवाको आपुर्ति भएको मितिमा वा सेवाको समयावधी समाप्त भएको मितिमा नाफा-नोक्सान हिसाबमा खर्चमा लेखाङ्कन गरिने नीति संस्थाको रहेको छ ।

**ज) सुरक्षण धरौटी:**

सेवा प्रदायकबाट प्राप्त गरिने धारा, बत्ती, टेलिफोन इत्यादी सेवाका लागि अग्रिम रुपमा सुरक्षण वापत जम्मा गर्ने रकमलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । सेवाको आपुर्तिमा निरन्तरता रहेसम्म र उक्त सेवाको आपुर्ति रहेसम्म उक्त सेवाको आपूर्ती बन्द गर्ने कुनै मनसाय नभएसम्म त्यस्तो सुरक्षण रकमलाई सुरक्षण धरौटीका रुपमा प्रस्तुत गरिन्छ ।

**झ) गैर वैंकिङ्ग सम्पत्ती:**

ऋणीबाट ऋणकर्जा चुक्ता भुक्तान भएको नभएको अवस्थामा संस्थाले कानुनी प्रकृया अवलंवन गरी असुलीको सम्पूर्ण प्रयास गर्दा समेत ऋण असुली नभएमा त्यस्तो ऋण सुरक्षण वापत ऋणीले संस्थाको नाउमा धितोबन्धक दिएको अचल सम्पत्तीहरु संस्थाले कानुनी प्रकृया मार्फत आफ्नो स्वामित्वमा लिएको अवस्थामा सो सम्पत्तीको मूल्याङ्कन गरी यस शिर्षक अन्तर्गत वासलातमा प्रस्तुत गरिएको छ । साथै त्यस्ता अचल सम्पत्तीहरु सम्बन्धित सरकारी कार्यालय वा निकायबाट संस्थाको नाममा नामसारी भइआएको मितिमा गैर बैंकिङ्ग सम्पत्ती अन्तर्गत लेखाङ्कन गरिनुपर्दछ र त्यस्तो सम्पत्तीको वजार मूल्य स्वतन्त्र मूल्याङ्कनको आधारमा प्रमाणित गराउनुपर्दछ । यस्तो सम्पत्तीको विक्री भएको मितिमा गैर बैंकिङ्ग सम्पत्ती निसर्ग भएको मानिन्छ र विक्रीवाछ प्राप्त रकमलाई बक्यौता ऋण रकम असूलउपर गर्न उपयोग गरिन्छ ।

**ञ) पट्टा :**

संस्थाको कुनै प्रकारको पट्टाको कारेवार छैन ।

**३. दायित्वहरु:**

यस समूहका दायित्वहरु अन्तर्गत सापटीहरु, निक्षेपहरु, भक्तानी दिनुपर्ने लाभांश, बक्यौता व्याजहरु, पाकिसकेका आम्दानीहरु, विविध साहूहरु तथा अन्य दायित्वहरु पर्दछन ।

**क) निक्षेपहरु:**

संस्थाको निक्षेप खातामा रहेको स्वदेशी मुद्राका अनिवार्य निक्षेप, एच्छिक निक्षेप तथा अन्य निक्षेपहरु यस शिर्षक अन्तर्गत पर्दछन । निक्षेप संस्थामा जम्मा भएको मितिमा लेखाङ्कन गरिन्छ र भुक्तानी भएको मितिमा निक्षेपको फर्छ्यौट भएको मानिन्छ ।

**ख) कर्जा जोखिम कोषको व्यवस्था:**

संस्थाले ऋण लगानी तर्फ वर्षान्तमा असूल गर्न वाँकी कूल लगानिमा रहेको रकमलाई असुलीको अवस्थाको आधारमा असल ऋण (भाखा ननाघेको), शंकास्वद ऋण (१ देखि १२ महिना सम्म भाखा नाघेको) र खराव ऋण (१२ महिना भन्दा वढी भाखा नाघको) मा वर्गिकरण गरिएको छ । यसरी वर्गिकरण गरिएको ऋण जोखिम व्यवस्थापन कोष निम्नानुसार रहेको छ:

| ऋणको प्रकार | दर (प्रतिशत) |
|---|---|
| असल कर्जा | १ |
| शंकास्पद कर्जा | ३५ |
| खराब कर्जा | १०० |

**ग) भुक्तानी दिनुपर्ने लाभांशः**

संस्थाको साधारणसभाबाट स्विकृत भईसकेको तर सदस्यहरुले भुक्तानी लिन बाँकी रहेको लाभांश रकमलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। लाभांश रकम साधारणसभाबाट पारित भएको मितिमा कूल मूल्यमा यस शीर्षक अन्तर्गत लेखाङ्कन गरिन्छ र सदस्यहरुले नगद भुक्तानी लिएको मितिमा फर्छ्यौट गरिन्छ।

**घ) बक्यौता व्याजहरुः**

सदस्यका निक्षेप खाता, संस्थाले लिएको अन्य सापटीमा प्रत्येक दिन गणना हुने व्याज रकम सो व्याज प्राप्त गर्ने व्यक्ती वा निकायले नगदमा भुक्तानी लिईनसकेको अवस्थामा यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। संस्थाले नगद तथा अन्य माध्यमबाट भुक्तनी गरेको मितिमा नाफा नोक्सान खातामा प्रविष्टि जनाईन्छ।

**ङ) अन्य बक्यौता रकमहरुः**

अन्य बक्यौता खर्चहरु जसको भुक्तान समय तथा भुक्तान गर्नुपर्ने यकिन हुदैन जस्तै व्यावसायिक सेवा, सञ्चार खर्चहरु इत्यादि, त्यस्ता अन्य बक्यौता खर्चहरु विगतको वर्षको खर्च तथा उपभोगको मात्रा, दोश्रो पक्षसँगको करार तथा समझदारी अदिको आधारमा अनुमान गरेर लेखाङ्कन गरिएको छ। यस्ता खर्चहरु विजकको प्राप्ती तथा करारनामा तथा अन्य कागजातका आधारमा पछि फर्छ्यौट गरिन्छ।

**४. आयः**

आर्थिक वर्षको कार्यसम्पादनका दौरान सम्पत्तीमा वृद्धी वा दायित्वमा कमी भई सदस्यहरुको जायजेथा वृद्धी गराउने, व्याज आय, शूल्क तथा कमिशन, विदेशी विनिमय कारोबारबाट भएको आय, कार्ड कारोबारबाट आर्जीत आय, सम्पत्ती तथा दायित्वको निसर्गबाट प्राप्त लाभ इत्यादी शीर्षकहरुलाई सो वर्षको आयमा लेखाङ्कन गरिन्छ।

**क) ब्याज आयः**

ब्याज आम्दानी अन्तर्गत स्वदेशी मुद्राका कर्जा तथा लगानी उपकरणहरुबाट आर्जित हुने व्याज पर्दछन्। ऋणमा आउने व्याज आम्दानीलाई प्राप्तीका आधारमा लेखाङ्कन गरिन्छ। अन्य लगानीमा व्याज आम्दानी प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ।

**ख) लाभांश आयः**

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ। खरिद गरिएको समयमा सो समयभन्दा अघिको नाफाबाट घोषणा गरेको लाभांशलाई खरिद समयको अघि वा पछि वा पछिको लाभांश भनि छुट्टाउन कठिनाई नहुन्जेल लागत असूलीको रुपमा लेखाङ्कन गरिन्छ साथै छुट्टाउन कठिनाई भएमा उक्त लाभांशलाई आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ।

**ग) अन्य आयः**

अन्य आय प्रोदभावी आधार मा लेखाङ्कन गरिन्छ।

**५. खर्चहरुः**

आर्थिक वर्षको कार्यसम्पादनका दौरान दायित्वमा वृद्धि वा सम्पत्तीमा कमी भई सदस्यहरुको जायजेथामा ह्रास आउने व्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, जोखीम व्यवस्था खर्च, इत्यादि शीर्षकहरुलाई सो वर्षको नाफा नोक्सान हिसावमा लेखाङ्कन गरिन्छ।

**क) व्याज खर्चः**

सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटीहरु मा पाकेको व्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिन्छ।

**ख) ह्रास कट्टी खर्चः**

ह्रासयोग्य सम्पत्तीको उपयोगिता अवधीभर नाफा नोक्सान हिसाबमा गरिने प्रणालीगत खर्चको विनियोजनलाई ह्रास कट्टी खर्चका रुपमा लेखाङ्कन गरिन्छ । छुट्टै पहिचान गर्न सकिने प्रत्येक स्थिर सम्पत्तीको छुट्टा छुट्टै रुपमा ह्रासकट्टी गरिन्छ । कुनै पनि सम्पत्ती व्यावसायिक उपयोगमा आएपछि वा उपयोग भएपछि सम्पत्तीमा देहायवमोजिमका सम्पत्तीमा घट्दो ह्रासकट्टी दर प्रणाली (Diminishing balancing method) अनुसार अनुमानीत उपयोगिता अवधिका आधारमा ह्रासकट्टी गरी नोक्सान हिसावमा खर्च लेख्ने गरिन्छ ।

| सम्पत्तीको प्रकृति | ह्रासकट्टी दर (प्रतिशत) |
|---|---|
| फर्निचर | २५ |
| कार्यालय उपकरण | २५ |
| सवारी साधन | २० |
| अफिस सेटअप | १५ |
| भवन | ५ |

पट्टामा लिएका सम्पत्ती उपर गरिएका पूँजीगत खर्चहरु पूँजीगत पट्टा अवधिभर (साधारणतया ५ वर्ष अवधि भएको) आधारमा परिशोधन गरिन्छ ।

**ग) आयकर खर्चः**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ । चालू आयकर दायित्व भन्नाले आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व कार्यालयलाइ तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानुन) वासलात मितिमा लागू भएका दर हुन् । सोहि अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन, २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

सम्पती तथा दायित्वहरुको वित्तिय विवरणमा गणना गरिएका रकम तथा कर र कानुनका हिसावले गणना गरिएको रकमलाई हुने भिन्नतालाई वासलातमा स्थागन कर सम्पत्ती वा स्थगन कर दायित्व का रुपमा लेखाङ्कन गरि प्रत्येक वर्ष यस्तो सम्पत्ती वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसावमा स्थागन कर आय वा स्थगन कर खर्चको लेखाङ्कन गरिन्छ ।

स्थगन कर सम्पत्तीलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तीको रुपमा पहिचान गरिदैन । स्थगन कर सम्पत्ती तथा दायित्वलाई एक अर्कामा मिलान गरी खुद रकमलाई वासलातमा प्रस्तुत गर्नु पर्दछ  तर यस संस्थाले प्रस्तुत आ.व. सम्म स्थगन कर आम्दानी तथा खर्च व्यवस्था गर्ने गरेको छैन ।

यस आ.व. २०७९-०८० को आयकर खर्च १०% (दश प्रतिशत) को हिसावले रु.१२,४९,९६१।- यवस्था गरेको छ ।

**घ) कर्मचारी खर्चः**

संस्थाले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नुपर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन:

**१) कर्मचारी खर्चका प्रकारः**

- अल्पकालीन कर्मचारी खर्चहरु जस्तैः तलव, भत्ता, नाफा नोक्सान बाडफाँडमा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपुर्ण कर्जा)
- सेवाबाट निवृत भएपछि भुक्तानी हुने उपदान, सञ्चय कोष आदि ।

अलपकालिन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात वा सेवा प्रदान गरेको कारण क्षतिपुर्ती ( परितोषिक) प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ। सेवा निवृत भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तीहरु (परितोषिक) प्राप्त गर्ने अधिकारको सिर्जना भएमा गरिन्छ।

**२) उपदान, सञ्यकोष तथा अन्य सुविधाहरुः**

तोकिएको सेवा अवधि वा परिक्षणसम्म व्यतित भएपछि संस्थाका स्थायी कर्मचारीहरु संस्थाको सेवाबाट निवृत हुदा प्रदान गर्ने गरी योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७५ का अनुसार उपदान तथा संचय कोष र अन्य कोषको व्यवस्था गरे तापनी प्रस्तुत आ.व.सम्म सो रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरिएको छैन। योगदान योजना र यसमा संस्थाको दायित्व, कोषमा योगदानका लागि सहमति रहेको हदसम्म मात्र सिमित रहन्छ। संस्थाको स्विकृत विनियमावलीमा भएको व्यवस्था बमोजिम कर्मचारीहरु प्रतिको उपदान तथा संचय कोष को दायित्व गणना गरी प्रोदभावि/ पाकेको आधामा नाफा नोक्सान हिसावमा खर्च लेखिन्छ। संचय कोष वापत प्रत्येक महिना निसर्ग गरिन्छ। प्रत्येक वासलात मितिसम्म उपदान वापतको दायित्व अग्रीम रुपमा गणना गरी आर्थिक वर्षको अन्तिम महिनामा फरफारक गर्ने गरिन्छ तर उपदान वापतको दायित्व गणना गर्दा संस्थाले प्रोदभावि मूल्याङ्कन गरेको छैन।

**३) कर्मचारी बोनस खर्चः**

बोनस ऐन अनुसार कर तिर्नु अघि खूद नाफाको १०% का दरले कर्मचारी बोनसको व्वस्था गर्नुपर्ने मा सहकारी ऐन २०७४, तथा नियमावली, २०७५ ले कर तथा जगेडा कोष तगा सहकारी प्रवर्द्धन कोष पश्चात उपलब्ध रकमबाट कर्मचारी बोनस बापत व्यवस्था गर्न अनिवार्य गरेकोले सोहि ऐन तथा नियमावली अनुसार आ.व.२०७९।०८० मा कर्मचारी बोनस वापत रु.३,१४,२८७- व्यवस्था गरेको छ।

**६. सम्भावित दायित्वहरु**

सम्भावित दायित्वहरुमा देहाय वमोजिमका विषयहरु समावेश गरिएका छन।

क. विगतका घट्नाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता संभावित दायित्वहरु जसको अस्तित्व भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घट्नाक्रमहरुले निर्कयौल गर्नेछ। जुन संस्थाको नियन्त्रणभन्दा वाहिर रहेको हुन्छ, वा

ख. विगतका घट्नाक्रमबाट उत्पन्न भएका तर देहायका कारणहरुले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु।

ग. दायित्व निसर्ग गर्नाको निम्ति आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको,

घ. दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनिय आधार नभएको।

उपरोक्त बाहेक थाहा भएसम्मका सम्पूर्ण सारभूत दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ। सारभूत दायित्वको भविष्यमा निस्कने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनिय आधार नरहेको खण्डमा त्यस्ता दायित्वहरुलाई संभावित दायित्व अन्तर्गत देखाईन्छ।

**७. वासलात मिति पछिका घट्नाहरु**

वासलात पछि मितिका घट्नाहरु त्यस्ता अनुकुल वा प्रतिकुल घट्नाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नाको लागि अनुमोदन गरिएको मितिका विच घटित हुन्छन्। वासलातको मितिको अन्तमा सो घट्नाहरु घटित हुने अवस्थाको प्रमाण हुने घट्नाहरु प्रतिविम्वित हुने गरी वित्तीय विवरणमा लेखाङ्कन गरी सम्वन्धित खूलासाहरु पनि समायोजित गरिन्छ। वासलातको मितिको अन्तमा सो घट्नाहरु घटित हुन अवस्थाको प्रमाण नहुने घट्नाहरु वित्तीय विवरणमा समायोजन गरिदैन।

**८. सम्बन्धित पक्षहरुसँग सम्वन्धित खुलासा**

सहकारी संस्थाको समितिको सदस्य तथा मुख्य व्यवस्थापनका सदस्यहरुलाई सम्वन्धित पक्ष मानिएको छ। उहाँहरुको विवरण यसप्रकार रहेको छ।

| सम्वन्धित पक्षको नाम | संस्थासँगको सम्वन्ध |
|---|---|
| नारायण राज पाण्डे | अध्यक्ष |
| जीवन ओली | उपाध्यक्ष |
| राजन वहादुर थापा | सचिव |
| महेन्द्र बहादुर कार्की | कोषाध्यक्ष |
| राज राणा | सदस्य |
| मिलन बावु मल्ल | सदस्य |
| इमान सिंह बस्नेत | सदस्य |
| देवेन्द्र प्रसाद वर्तौला | सदस्य |
| देवेन्द्र प्रसाद चौलागाई | सदस्य |
| बलराम तिमिल्सिना | सदस्य |
| अनिता राउत ओली | सदस्य |
| आरोग्यप्रसाद श्रेष्ठ | लेखा सुपरिवेक्षण समिति-संयोजक |
| भेषराज श्रेष्ठ | लेखा सुपरिवेक्षण समिति- सदस्य |
| चन्द्रमाया दाहाल बुढाथोकी | लेखा सुपरिवेक्षण समिति- सदस्य |

**संचालक समितिका सदस्यहरुसँगको कारोवारको विवरण**

| विवरण | यस आ.व.को | गत आ.व.को |
|---|---|---|
| बैठक भत्ता | २२८८२४।- | २१०७०६।- |
| अन्य सुविधा (यातायात) | ३३५९३०।- | ३१४०३१।- |
| जम्मा | ५,६४,७५४।- | ५,२४,७३७- |
| ऋण कर्जा तथा अन्य पाउनुपर्ने | ३,६५,९१,०००।- | २,२८,२५,८२७।- |

व्यवस्थापक | कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

R.M. & Co. Regd.Auditors Koteshwor, Kathmandu

सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य | सदस्य

# लेखा सुपरिवेक्षण समितिका तर्फबाट संयोजकज्यूको प्रतिवेदन

संस्थाको चौधौँ वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, विशेष अतिथी सहकारी प्रतिनीधीज्यू संस्थाका संरक्षकज्यू, उपाध्यक्षज्यू, वरिष्ठ सल्लाहकारज्यूहरु, सल्लाहकारज्यूहरु, समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, शेयर सदस्यज्यूहरु, लेखा परीक्षकज्यू, कानून व्यवसायीज्यू, इन्जिनियरज्यू उपस्थित संचारकर्मी मीत्र एवं कर्मचारी भाई बहिनीहरु !

चौधौँ वार्षिक साधारण सभामा लेखा समितिको संयोजकको हैसियतले समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु । संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने र समितिलाई सुझाव दिने, समिति र उप-समितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ/छैन? जाँच गर्ने, संस्था तथा सदस्यहरुलाई हानी नोक्सानी पुग्ने अवस्था भएमा वा आन्तरिक लेखा परीक्षणको कार्यमा संचालक वा व्यवस्थापनबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्बन गर्नुपर्ने अवस्था देखिएमा विशेष साधारण सभा बोलाउन समिति समक्ष अनुरोध गर्ने साथै निम्नानुसारका बिषयहरु नछुट्ने गरी आन्तरिक लेखा परीक्षण गरी तत् सम्बन्धी प्रतिबेदन साधारण सभा समक्ष अनिवार्य रुपमा पेश गर्ने जस्ता महत्वपूर्ण जिम्मेवारी एव्म दायित्व लेखा समितिलाई संस्थाको विनियम २०६६ को दफा ३, ४ र ५ ले दिएको व्यहोरा सर्वप्रथम म यहाँ स्पष्ट पार्न सान्दर्भिक ठान्दछु ।

लेखा समिति भन्ने वित्तिकै साधारण सभा प्रति उत्तरदायी रहने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको एउटा महत्वपूर्ण अंग हो जसको अभावमा संस्था पूर्ण र प्रभावकारी बन्न सक्दैन भने संस्थाको प्रभावकारीताको निम्ति यसका सम्पूर्ण शेयर सदस्यज्यूहरुको चासो र अझ बढि सक्रियताको खाँचो रहेको र रहने व्यहोरा पनि यहाँ राख्न चाहान्छु ।

समग्रमा संस्थाको मूल्याङ्कन गरी साधारण सभा समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने सन्दर्भमा आर्थिक वर्ष २०७९/०८० सम्ममा लेखा समितिले संस्थाका कामकारवाही एवम् गतिबिधिहरुको शुक्ष्म रुपमा अबलोकन सहित आन्तरिक लेखापरीक्षण गर्दा संस्थाबाट सहकारी ऐन, नियम, मापदण्ड, आन्तरिक नीति-निर्णय अनुसार नियम सम्मत, व्यवस्थित मितव्ययीपूर्ण ढंगबाट संस्थाका काम कारबाहीहरु स्पष्ट रुपमा भए गरेको पाईएको र संस्था तथा सदस्यहरुको हीत विपरितका कुनै पनि कार्यहरु भए गरेको नपाईएको व्यहोरा समेत यसै सम्मानीत गरिमामय सभामा स्पष्टसँग राख्दै समितिको वार्षिक प्रतिबेदनलाई अझ अगाडि लैजाने क्रममा थप विवरणहरु प्रस्तुत गर्दछु ।

**१) समितिको बैठक बसेको सम्बन्धमा:–**

- संस्थाको विनियम २०६६ को अधिनमा रही त्रैमासिक हिसाबले नियमित रुपमा लेखा सम्बन्धी कमी कमजोरीहरु बारे जानकारी लिने तथा सो सम्बन्धी सुझावहरु दिने गरेको व्यहोरा यहाँ राख्न चाहान्छु ।

**२) गत वर्ष दिईएको सुझाव कार्यान्वयनको अवस्था :–**

– मासिक तथा त्रैमासिकरुपमा आन्तरिक लेखापरीक्षण गर्दा देखिएका कमि कमजोरीहरुका सन्दर्भमा विभिन्न सुझावहरु दिईएकोमा समिति तथा उप-समितिबाट उक्त सुझावहरु कार्यान्वयनको विवरण निम्नानुसार प्रस्तुत गर्दछु :

- बचतमा दिने व्याज लगायत घरभाडा, पानी, विजुली, टेलिफोन, इन्टरनेट, मसलन्द र तलब भत्ता आदिमा भएको अति आवश्यक कटौति गर्न पनि नमिल्ने खर्च बाहेक अन्य खर्चको जाँच गर्दै भविष्यमा खर्चलाई अझ कम गर्दै जान के गर्न सकिन्छ ? सो अनुसार अझ मितव्ययी पूर्ण ढंगबाट कार्य संचालन गर्न दिएको सुझावमा सुधार को प्रयास गरी रहेको पाईयो ।
- उठ्न नसकेको भाखा नाघेका ऋणको सावाँ व्याज उठाउन दिएको सुझाव अनुसार लिलामी प्रकृया मा गएर भए पनि उठाउने प्रयास गरेको पाईयो ।

**३) अघिल्लो आ.ब. र प्रतिवेदन पेस गरिने आ.ब. को तुल्नात्मक बिवरण:–**

| | आ.ब २०७८/०७९ | आ.ब. २०७९/०८० |
|---|---|---|
| चुक्ता शेयर पूंजी | ८,११,९३,६००/- | ८,२३,२७,८००/– |
| बचत | २२,९८,२७,६८६/- | २१,३३,५३,२९९/– |
| ऋण लगानी | ३१,३४,८८,५४७/- | ३०,१६,६३,९९८/– |

**४) प्रतिवेदन गरिने. आ.ब. को मुख्य मुख्य आर्थिक उपलब्धी एवम कारोवारको कमजोर पक्ष:–**

- उठन नसकेका ऋणहरुको धितो लिलाम गरी संस्थाको नाममा सकार गरी ल्याएको र संस्थागत नगद पूंजी बृद्धि कोष हिसाब, कर्जा जोखिम व्यवस्था जस्ता कार्यहरु मुख्य उपलब्धी हुन भने लक्ष्य अनुरुप शेयर पूंजी र वचत

बढ्न नसकी संस्थामा तरलताको कमी हुनु जस्ता बिषयहरु कमजोरी पक्ष हुन । समग्रमा संस्थालाई व्यवस्थित रुपमा अझ बलियो बनाएर अगाडी बढाउनका लागी सबैको सहयोग आवस्यक रहेको व्यहोरा पनि सम्मानित सभामा स्पष्ट राख्न चाहान्छु ।

- संस्थाको आ.ब. २०७९/०८० को नाफा/नोक्सान हिसाब गर्दा सो वर्ष लगानी गरिएको कर्जा बाट उठेको व्याज रकम, बैंक बाट प्राप्त व्याज रकम, संस्था विकास शूल्क, घर भाडा आदिको आम्दानी समेत गरी जम्मा रु ४,६५,६४,३२६/- आम्दानी भएको देखिन्छ भने खर्च तर्फ कर्मचारीहरुको तलब खर्च, घर भाडा खर्च, बचतमा दिने व्याज खर्च, लगानी जोखीम व्यवस्था, आयकर व्यवस्था, सम्पती ह्रास कट्टी लगायत अन्य प्रशासननिक खर्च गरी जम्मा रु ३,४०,६४,७१२/- खर्च भएको देखिन्छ । सो अनुसार आम्दानीबाट खर्च कटाउदा रु १,२४,९९,६१४/- मुनाफा देखिन्छ र यस बर्षको करकट्टी व्यवस्था पछी रु १,१२,४९,६५३/- संस्थाले खुद नाफा गरेको देखिदा गत वर्षको तुलनामा मुनाफा बढेको देखिन्छ ।
- आ.ब. २०७९/०८० को अषाढ मसान्त सम्म कुल रु. ३०,१६,६३,९९८/– ऋण प्रवाह भएको पाइयो । गत आ.ब. हरुको तुलनामा आ.ब. २०७८/०७९ मा ऋण लगानी तथा असुलीमा अपेक्षित सुधार नदेखिए तापनि विगत वर्षहरुको खराव कर्जा यस आ.ब. मा केही असुल गरी बाँकी रहन गएकोलाई पनि कानुनी प्रकृया अवलम्वन गरी असुली गरी रहेको देखिन्छ ।

**५) सहकारी सिद्धान्तहरु, सहकारी ऐन, नियमहरु एबम् संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था :-**

- संस्था द्वारा माथि उल्लेखित सिद्धान्त, ऐन, नियम, तथा विनियमहरुको पूर्णरुपमा पालना भए गरेको पाइएको छ । पालनामा कमी कमजोरी छैन र भविष्यमा पनि नीतिको पालनालाई निरन्तरता दिँदै समय सापेक्षरुपमा परिवर्तन एवम् परिमार्जन भई आउने नीति निर्देशन एवम् कानूनहरुको पूर्ण परिपालना गर्ने गराउने कुरामा पनि बिश्वस्त पार्न चाहन्छु ।

**६) संस्थाको स्वीकृत बहउद्देश्यीय निति एवम अन्य नितीहरको पालनाको अवस्थाः-**

- संस्थाको प्रारम्भिक साधारण सभाले पारित गरेको बहउद्देश्यीय नितिहरुको आधारमानै संस्थाले आफ्ना कारोबारहरु संचालन गदै जाने प्रयास भई रहेको देखिएतापनि आ.ब. २०७८/७९ मा पनि निति उद्देश्य अनुरुपका कार्यहरुमा अपेक्षाकृत प्रवेश गरेको देखिदैन । प्रवेस गर्न आवस्यक देखिन्छ ।

**७) कर्मचारी व्यवस्थापनका सवल पक्षहरु र दुर्वल पक्षहरु :-**

- छिटो छरितो र प्रभावकारीरुपमा सेवा प्रदान गर्ने चाहना राख्ने सवल पक्ष हुन भने कर्मचारीहरुको कमीले हुने ढिलासुस्ती दुर्वल पक्ष हुन । संस्थाको कर्मचारी व्यवस्थापनको रुपरेखा अध्ययन गर्दा सामान्य किसिमले संस्थाको कार्य सम्पादन भई रहेको र आगामी दिनहरुमा दरबन्दी अनुसारको दक्ष कर्मचारीहरु नियुक्त गर्नु पर्ने देखिन्छ ।

**८) संचालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नुपर्ने पक्षहरु :-**

- सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी मापदण्ड २०६८, राष्ट्रिय सहकारी नीति २०६९, संस्थाको विनियम २०६६, आचार संहिता र सहकारी मूल्य मान्यता अनुसार संचालक समितिको कार्य प्रणालीमा पनि समय सापेक्ष सुधार हुदै आएको छ ।

**९) गत वर्ष सम्पन्न लेखा परीक्षणको गुणस्तर सुधारका सुझावहरु :-**

- नेपाल सरकारको प्रचलित कानून, सहकारी मापदण्ड अनुसार नै लेखापरीक्षण भएकाले लेखा परीक्षण नियमानुसार नै गुणस्तरीय भएको पाइएकोछ ।
- आन्तरिक लेखा परीक्षण पनि सोही अनुरुप सम्पन्न गरिएकाले दुविधा नरहेको व्यहोरा स्पष्ट छ ।

**१०) संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मुल्याङ्कन, प्रभावकारीता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोबलको अवस्था, व्यवसायिकता आदि पक्ष :-**

- संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मुल्याङ्कन गर्दा इमान्दारिता र परिपक्व ढंगबाट अगाडि बढ्ने प्रयास सह्रानीय देखिन्छ । कार्य सम्पादनमा सिक्दै सिकाउदै प्रभावकारी रुपले अगाडि बढने कोशिश गरिरहेको देखीएता पनि समयानुसार आशातित सफलता प्राप्तिमा कमी देखिन्छ ।

**धन्यवाद ।**

**जय सहकारी**

## Flash Multipurpose Co-operative Limited

### Comparative Financial Statement

| Fiscal Year | Income | Expenses | Profit |
|---|---|---|---|
| 2072-73 | 28,561,892 | 25,162,443 | 3,399,449 |
| 2073-74 | 33,154,578 | 28,282,713 | 4,871,865 |
| 2074-75 | 34,617,477 | 28,564,995 | 6,052,481 |
| 2075-76 | 35,961,838 | 28,209,631 | 7,752,206 |
| 2076-77 | 40,324,147.68 | 29,578,707 | 10,745,441 |
| 2077-78 | 39,059,689 | 29,836,622 | 9,223,067 |
| 2078-79 | 44,731,524 | 34,936,834 | 9,794,690 |
| 2079-80 | 46,564,326 | 34,064,712 | 11,249,653 |



# प्रस्तावहरू :

**१) आ.व ०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।**

आ.व ०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाका लेखा परीक्षक श्री संजीव श्रेष्ठज्यू (संजीव एशोसिइट्स) लाई नियुक्त गरी नियम अनुसार रु. ७५०००/– पारिश्रमिक दिने प्रस्ताव गरिएको छ ।

**२) निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा ।**

निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समितिका तर्फबाट अध्यक्ष र सचिव त्यसै गरेर सदस्यहरुको तर्फबाट संस्थाको कार्यालय नजिक बसोबास गर्ने र बोलाएको बेलामा उपस्थित हुन सक्ने सदस्यद्वय श्री भरत थपलीयाज्यू र श्री देवराज भण्डारीज्यूलाई प्रतिनिधी तोक्ने प्रस्ताव गरिएको छ ।

**३) ब्याजदर अनुमोदन गर्ने सम्बन्धमा ।**

संस्थाको बिद्यमान लिनेदिने ब्याजदरलाई समितिको मिति २०७९/०८/१६ को निर्णयानुसार आ.ब. २०७९/०८० मा निम्न तालिकामा उल्लेख भए अनुरुप लागु गरिएकोले सो ब्याजदरलाई अनुमोदन गर्नुका साथै आ.ब. २०८०/०८१ का लागि आवश्यकतानुसार ब्याजदरमा थपघट गर्नका लागि सञ्चालक समितिलाई जिम्मेवारी दिने प्रस्ताव पेश गरिएको छ ।

| सि.नं | खाताको विवरण | न्यूनतम मौज्दात | पुरानो ब्याज दर | परिमार्जित ब्याज दर | फरक |
|---|---|---|---|---|---|
| १ | बचत खाता | १,०००/– | ९% | १०% | १% |
| २ | १ बर्षे नियमित बचत खाता | ५,०००/– | १०.५०% | ११% | ०.५०% |
| ३ | २ बर्षे नियमित बचत खाता | ५,०००/– | ११.५०% | १२% | ०.५०% |
| ४ | ३ बर्षे नियमित बचत खाता | ५,०००/– | १२.५०% | १३% | (०.५०%) |
| ५ | प्रिमियम बचत खाता | १,००,०००/– | १०% | ११% | १% |
| ६ | ६ महिने मुद्दती खाता | १,००,०००/– | ११% | १२% | १% |
| ७ | १ बर्षे मुद्दती खाता | १,००,०००/– | १२.५०% | १३% | ०.५०% |
| ८ | २ बर्षे मुद्दती खाता | १,००,०००/– | १२.७५% | १३.५०% | ०.७५% |
| ९ | ३ बर्षे मुद्दती खाता | १,००,०००/– | १३% | १४% | .१% |
| १० | सबै किसिमको कर्जा लगानीमा | | १६% | १६% | ० |

**४) शेयर तथा बचत बढाउने सम्बन्धमा ।**

क. संस्थाका सबै शेयर सदस्यहरु समान हैसियतमा रहे जस्तै शेयरको अंक पनि एक समान बनाउने संस्थाको उद्देश्य हो । विनियम २०६६ को दफा १८ उपदफा १ मा संस्थाको कुल शेयर पूँजी ८ करोड २३ लाख २७ हजार ८ सय भएकोमा ९ करोड पुऱ्याउने र भविष्यमा क्रमशः वृद्धि गर्दै लैजाने प्रस्ताव गरिएको छ ।

ख. शेयर वा कारोबारको कम्तीमा ५ प्रतिशत बराबरको रकम सदस्यज्युहरुको बचत खातामा रहनु पर्ने भनी सहकारी विभागको अवधारणा रहेकोमा संस्थाको नियमानुसार सदस्यहरुले निश्चित रकम मासिक रुपमा बचतमा जम्मा गर्ने अभ्यास भइरहेको । लाभांश स्वरुप प्राप्त हुने रकम मध्ये अधिकतम प्रतिशत संस्थामा नै बचत गरेमा संस्था र सदस्य दुबै समान रुपमा लाभान्वित हुने भएकाले सो अनुसार गर्न प्रस्ताव गरिएको छ ।

**५) शेयर सदस्यहरुलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।**

लेखा परीक्षकद्वारा पेश भएको वार्षिक प्रतिवेदन अनुसार खुद मुनाफाबाट विभिन्न कोषहरुमा बाँडफाँड भई शेयर लाभांश कोष तथा संरक्षित पुँजी फिर्ता कोष शेयर सदस्यज्यूहरुलाई कारोबार र शेयर अङ्कको आधारमा नै उपलब्ध गराउन प्रस्ताव गरिएको छ ।

**६) घरजग्गा खरिद र विक्री सम्बन्धमा**

लिलाम प्रक्रियाबाट संस्थाको नाममा दर्ता हुन आएका र संस्थाको लगानी उठाउन आ.ब २०७९/०८० मा संचालक समितिले निर्णय गरेको मूल्यमा विक्री भएका त्यस्ता घरजग्गा खरिद र विक्रीको अनुमोदनका लागि प्रस्ताव गरिएको छ । आ.ब.२०८०/०८१ मा संस्थाको नाममा भइरहेका विक्री गर्नु पर्ने घरजग्गाका लागि समेत सहमतिका लागि प्रस्ताव गरिएको छ ।

**७) आ.व.०७९/०८० भरिमा संस्थाबाट भए गरेका सम्पूर्ण कार्यहरुको अनुमोदन सम्बन्धमा ।**

लिलाम सकार गरिएको घर जग्गा, संस्थाको विमा, ४ नम्बर वडा कार्यालयमा गरिएको दर्ता नबिकरण, थप सदस्यता, बचत संकलन, ऋण लगानी-असुली, कार्यालय संचालन खर्च, खरिद गरिएका सानातिना सम्पत्ती, कर्मचारीहरुको तलबमा खर्च, लेखापरीक्षण शुल्क बापतका खर्च, संचालक समितिबाट गरिएका निर्णयहरु लगायत संस्थाका अभिलेखहरुबाट देखिने सम्पूर्ण नियमित कार्यहरु अनुमोदनका लागि प्रस्ताव गरिएको छ ।

# अध्यक्षज्यूको मन्तव्य

**चौधौँ वार्षिक साधारण सभामा उपस्थित संस्थाका संरक्षकज्यू, विशेष अतिथी सहकारी प्रतिनिधीज्यू, उपाध्यक्षज्यू, वरिष्ठ सल्लाहकाज्यूहरु, सल्लाहकारज्यूहरु, समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, उपस्थीत शेयर सदस्यज्यूहरु, लेखा परीक्षकज्यू, कानुन व्यवसायी अधिवक्ता निर्वाचन समीती संयोजकज्यू, ईन्जिनियरज्यू, संचारकर्मी मीत्र एवम् कर्मचारी भाइबहिनीहरु !**

१. फ्लास बहुउद्देश्यीय सहकारी संस्थाको १४ औं वार्षिक साधारणसभामा यहाँहरु समक्ष संस्थाको वार्षिक विवरण सन्दर्भमा अध्यक्षको हैसीयतले आफ्नो विचारहरु प्रस्तुत गर्न पाउदा खुशी लागेको छ । आ.व. २०७९/०८० को लेखा परिक्षण लगायत संपूर्ण कार्यहरु सम्पन्न गराई २०८० अषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, नाफाको बाँडफाँड हिसाव र लक्षित वार्षिक वजेट कार्यक्रम लगायतको विस्तृत विवरण सम्बन्धीत पदाधिकारीहरु वाट यहाँहरु समक्ष प्रस्तुत र अनुमोदन समेत भै सकेको छ । यहाँहरु समक्ष पेश भएका प्रस्तावहरु पारित एवं अनुमोदन गरिदिनु भएकोमा धन्यवाद सहित आभार प्रकट गर्दछु ।

२. यस संस्थाको आर्थिक अवस्था विश्लेषण गर्दा यस आ.व. मा शेयर पूँजि केही बढेको देखिन्छ भने वचत रकम गत वर्ष भन्दा अपेक्षाकृत घटेको छ । जसले गर्दा लगानी रकम पनि घट्नु स्वाभाविकै हो । वचत निक्षेप बढ्दा ऋण लगानी पनि बढाउन सकिन्छ र लगानी बढ्दा ब्याज, सेवा शुल्क तथा अन्य आम्दानी बढ्छ र नाफा बढ्छ । तर बचत निक्षेपमा रकम जम्मा गर्ने भन्दा रकम झिक्ने बढी भएका कारण आम्दानी अपेक्षित रुपमा बढ्न नसकेको हो ।

३. संस्थागत पुँजी कोषमा रहेको साधारण जगेडा कोषमा गत आ.व. मा करीव २ करोड ५ लाख थियो भने यस वर्ष बढेर करीव २ करोड ३२ लाख पुगेको छ । त्यस्तै कर्जा नोक्सानी व्यवस्था कोषमा गत वर्ष करीव ९२ लाख रहेकोमा यस वर्ष ९६ लाख पुगेको छ । अन्य विविध कोषहरुमा करीव ६७.५ लाख रकम जम्माभएको छ । यस्ता जगेडा कोषहरुले संस्थालाई आन्तरिक रुपमा वलियो बनाउछ । यसै गरी संस्थाको स्थीर सम्पती तर्फ करिव २ करोड मा किनिएको घर जग्गा हाल पुनः मूल्यांकन गर्ने हो भने उक्त सम्पती करीव ८/९ करोडको हुन आउछ । त्यस्तै धितो लिलाम सकार गरीएको जग्गा करीव २ करोड मूल्यको रहेको छ । वचत र ऋण लगानी को रकम थोरै घटेको देखिएता पनि समग्रमा संस्थाको आर्थिक सुचाङ्कहरु सकरात्मक नै रहेकामो सन्तुष्टि लागेको छ ।

४. सहकारी ऐन नियमको पूर्ण पालना गर्दै आ.व. ०७९/०८० मा संस्थाले घर भाडा तथा विभिन्न खर्चको भुक्तानी गर्दा कर कट्टी गरी रु. १७,१६,६२६/– र आय कर वापत रु. १२,४९,९६१/– समेत गरी जम्मा रु.२९,६६,५८७/– संस्थाले सरकारलाई कर वुझाई राजस्वमा योगदान गरेको ब्यहोरा समेत जानकारी गराउन चाहान्छु ।

५. अन्तराष्ट्रिय रुपमा आर्थिक मन्दि देखा परको अवस्थामा नेपालमा पनि यसको प्रभाव नराम्रो संग परेको सर्वविदितै छ । वित्तिय बजार अहिले तरलता संकटको चपेटामा परेको छ । विशेष गरी सहकारी सस्थाहरुलाई तरलता व्यवस्थापनमा सकस परेको छ । सहकारीको नकरात्मक प्रचार तथा बैँकहरुको दिने व्याजदरमा भएको वृद्धिले सहकारी संस्थामा रहेको वचत बैँकहरुमा जाने क्रम रोकिएको छैन । सहकारीमा नयाँ वचत नआउने, पुराना वचत कर्ताहरु पैसा फिर्ता माग्न आउने र ऋणको साँवा व्याज उठ्न कठिन भएको कारण असहज परिस्थिती सिर्जना भएको हो । झण्डै १ वर्ष यता देखी सहकारी क्षेत्र निकै संघर्ष पूर्ण अवस्था वाट गुज्रिरहेको तथ्य सवैले वुझेकै हो ।

६. नियमानुसार तरलता राखेर संचालन भै रहेको हाम्रो सहकारीलाई पनि वचत रकम राख्ने भन्दा झिक्न आउने संख्या धेरै भएका कारण तरलताको दवाव परेकै छ । र यस्ता चुनौतीका वावजुद पनि संस्थाको आय बढेको छ । संस्थाको यस वर्षको वार्षिक आयव्यय हिसाव हेर्दा संचालन नाफा राम्रै अंकमा अर्थात् करीव १,१२,४९,६५३/– देखिन्छ । तर सहकारी ऐन अनुसार नाफाको २५ % जगेडा कोषमा र अन्य विविध ८ वटा कोषमा ५/५% का दरले गरी. ५०,५४,६०८/–लाख रकम छुट्याउनु पर्दा लाभंस वितरण गर्न पाउने रकम कुल संचालन नाफाको करीव ४५% मात्र हुन आउछ । यस्तो प्रतिकुल अवस्थामा पनि शेयर सदस्यज्यूहरुलाई राम्रै लाभांस रकम उपलब्ध गराउन सकिएकोमा संन्तोष लागेको छ ।

७. हाल केही सहकारी संस्थाका घट्ना र नकारात्मक कुराहरु प्रचारमा आएका कारणले सवै सहकारी प्रति सर्व साधारणले हेर्ने नजरमा परिवर्तन आएको छ । सहकारी संस्था खोलेर छिटै धनाढ्य बन्ने ध्याउनामा लागेका केही सहकारी संस्थाका संचालकहरुको अवान्छीत क्रियाकलाप जस्तैः वचत निक्षेपमा अस्वाभाविक ब्याज दिई अकुत बचत संकलन गरेर सहकारी वा आफ्नो नाममा निजी सम्पती जोड्ने, घर जग्गामा ठुलो लगानी गर्ने, आफु र आफन्तको नाममा निजी कम्पनीमा पैसा लगाउने, संस्थाको सम्पति दायित्व दुरुपयोग तथा अपचलन गर्ने,

वित्तिय अनुशासनका न्यूनतम् मापदण्ड पनि पुरा नगर्ने, वार्षिक लेखापरिक्षण नगराउने, समयमै साधारणसभा नगर्ने , वित्तिय संकट देखाएर वचत कर्ताको रकम फिर्ता नगर्ने केही ठगुवा र भगुवा सहकारी संचालकको कारण हामी इमान्दारी पुर्वक संस्था संचालन गर्ने राम्रा सहकारी पनि यिनकै जातोमा पिसिएका छन् ।

८. ९ खर्व रुपया वित्तिय कारोबार गर्दै आएको ७४ लाख सदस्य भएको, ३० हजार भन्दा बढी सहकारी मध्ये २११ वटा सहकारी मात्र समस्यामा परेको सरकारको तथ्यांक छ । ०.७ प्रतिशत (१% भन्दा पनि कम) सहकारी समस्यमा पर्दा देशभर तरङ्ग पैदा भएको छ । यी ०.७ % का सहकारीमा समस्या आए पछि हल्ला खल्ला वढी भयो, हल्ला वढि हुदा वचत गर्ने भन्दा रकम फिर्ता माग्ने सदस्यको भीड वढ्न थाल्यो र धेरै सहकारीहरु समस्या उन्मुख भए । ठीक ढंगले चलिरहेको ९९% सहकारी पनि वद्नाम भए, सहकारी प्रतिको आम विश्वास गुम्ने क्रम बढ्यो ।

९. सबै सहकारी विग्रेका वा डुवेका छैनन् । केहीमा समस्या आयो र त्यसको असर आम सहकारीमा परेको मात्र हो । सबै सहकारी खराव छैनन् । सबैको नियत नराम्रो छैन । म सबै शेयर सदस्यहरुलाई विश्वास दिलाउन चाहान्छु कि हाम्रो सहकारीवाट संस्थाको एक पैसा पनि अपचलन भएको छैन, मासेको छैन, हिनामिना भएको छैन । लगानी गरेको ऋण र ब्याज समयमा उठ्न नसकेको कारण माग बमोजीम वचत फिर्ता दिन कठिनाई भएको मात्र हो । यस विषयमा संस्था गम्भीर र सचेत छ । यस वाट केही वचतकर्ताहरुमा पर्न गएको असुविधा प्रति संस्थाले महशुस गरेको छ । संस्थाले पर्याप्त धितो विनाको ऋण दिएको छैन । हाम्रो संस्था सहकारी ऐन, नियम, कानुनको पूर्ण पालन गर्दै सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुसारनै संचालन भैरहेको छ । हाम्रो सहकारीको आन्तरिक वित्तिय अवस्था मजवुत छ । हल्ला भए जस्तो समस्या हाम्रो सहकारीमा छैन । हल्लाको भरमा कति पनि विचलित नहुन र पूर्ण भरोसाका साथ सस्था प्रति विश्वास्थ रहन सबै सदस्यहरुमा निवेदन गर्दछु ।

१०. अहिलेको अवस्थामा वचत फिर्ता भन्दा पनि विश्वास फिर्ता ल्याउने वेला हो । सहकारी प्रति गिरेको विश्वास फिर्ता ल्याउन संचालक, सल्लाहकार तथा शुभचिन्तकहरुले सवै शेयर सदस्यज्यूहरुलाई कन्भिन्स गराउन पनि आग्रह गर्दछु । कुनै पनि वित्तिय संस्थामा पूँजिको एकतर्फी वाह्य प्रवाह (रकम फिर्ता जाने) मात्र भएमा संस्था वाच्न सक्दैन । केही खास संस्थाको घट्ना सुनेर सवै वचत कर्ता लामवद्ध भै एकैचोटी वचत फिर्ता माग्न आएमा सहकारी संस्था त के ठुला ठुला बैंकले पनि थेग्न सक्दैन । किन कि सबै वित्तिय संस्थाले केही निश्चित प्रतिशत रकम तरलता राखी बाँकी पैसा लगानी गरेको हुन्छ भन्ने यथार्थ बुझिदिन आग्रह गर्दछु । त्यसैले संस्थालाई सामान्य रुपमा संचालनमा ल्याउन साविक अवस्थामा झै वचत तथा ऋणको कारोबार आफ्नै संस्थावाट गरिदिन सवैमा अनुरोध गर्दछु ।

११. सहकारी संस्थालाई समस्याग्रस्त हुन वाट जोगाउने जिम्मेवारी सहकारी विभाग, राष्ट्रवैक वा अन्य संघ संस्था भन्दा पनि आफ्नै सदस्यहरुको हो । हामी सवै सदस्यहरु मिलेर नै संस्था स्थापना गरेको हो, संस्थालाई असजिलो पर्दा सहयोग गर्ने पनि सदस्यहरुले नै हो, सहकारीलाई जोगाउने पनि सदस्यहरुले नै हो । सदस्यहरु ग्राहक होईनन्, संस्थाकै अभिन्न अङ्ग हुन् । सहकारी, सदस्यहरुकै सक्रियतामा संचालन हुने सामाजीक संस्था हो । १ वर्ष अघि देखिको संकटको वीचमा पनि सदस्यहरुलाई सम्हालेर राखि राख्न कम चुनौती पूर्ण छैन । हाम्रा राम्रा काम, असल अभ्यास, उत्प्रेरणामूलक गतिविधिलाई भ्रामक समाचारले ओझेलमा पारेको छ । नकरात्मक भ्रम मात्र सुन्ने, देख्ने, हेर्ने र वोल्ने प्रवृत्तिले हामीलाई कहाँ पुऱ्याउछ ? सवैले गम्भीरकताका साथ मनन् गर्न जरुरी ठान्दछु । संस्था राम्रो संग संचालन हुदा संस्थाको पदिय हैसियत सहित आफुलाई परिचय गराउन र केही समस्या देखीना साथ मलाई केही थाह छैन भन्दै अध्यक्ष, व्यवस्थापक वा संचालक समितिलाई जिम्मेवारी पन्छायर आफु अलग रहन मिल्दैन । हामी सवै एउटै डुङ्गामा सवार यात्री हौ, संस्था रुपी डुङ्गामा प्वाल /छिद्र परेमा पानी भरिएर सवै एकैसाथ डुबिन्छ । त्यसले संस्थालाई बलियो बनाउने सामुहिक जिम्मेवारी हो र सामुहिक प्रतिवद्धता आवश्यक हुन्छ । संस्था प्रति सदस्यहरुले र सदस्य प्रति संस्थाले जिम्मेवारी पुरा गर्न सके जस्तो सुकै प्रतिकुल अवस्थामा पनि सहकारीमा समस्या नआउने कुरा स्मरण गराउन चाहन्छु ।

१२. विद्यमान संचालक समिति र लेखा सुपरिवेक्षण समितिको ४ वर्षे पदावधि आज वाट समाप्त हुदैछ । संस्थाको प्रवर्द्धन, विकाश र श्रीवृद्धिको लागि मौजुदा संचालक समितिवाट निस्वार्थ एवं ईमान्दार प्रयत्न भयो । संस्थालाई दरिलो, दिगो र सक्षम बनाउन हाम्रो प्रयाशमा साथ र सहयोग गर्नु हुने संरक्षकज्यू, सल्लाहकारज्यूहरु, उपसमिति सदस्यज्यूहरु लगायत संपूर्ण शेयर सदस्यज्यूहरुमा धन्यवाद सहित आभार व्यक्त गर्दछु । अव निर्वाचित हुने अध्यक्ष लगायत संचालक समितिलाई पनि विगतमा जस्तै आमूल्य राय सुझाव, साथ सहयोग दिनुको साथै सक्रृय सहभागिता जनाई संस्थालाई सफल र उत्कृष्ठ बनाउनु हुनेछ भन्नेमा विश्वास्त हुदै मेरो छोटो मन्तव्य यही टुङ्गयाउदछु ।

धन्यवाद ।

जय सहकारी !!!

# सम्पत्ती शुद्धीकरण निवारण कार्यविधि २०७९

**प्रस्तावना**

सम्पत्ती शुद्धिकरण निवारण ऐन, २०६४ को दफा ४६ ले दिएको अधिकारको प्रयोग एवं सम्पत्ती शुद्धिकरण निवारण नियमावली, २०७३ लाई आधार मानी जारी भएको सम्पत्ती शुद्धीकरण तथा आतङ्कवादि क्रियाकलापमा वित्तीय लगानि सम्वन्धी सहकारी संस्थालाई जारी गरीएको निर्देशन, २०७४ को प्रभावकारी कार्यान्वयन गर्न बान्छनिय भएकोले यो सम्पत्ती शुद्धीकरण निवारण कार्यविधि, २०७९ तयार पारीएको छ। संस्थाका सम्पुर्ण कारोवारहरु यसै कार्यविधिको अधिनमा रहि गरिनेछन् ।

## परिच्छेदः १
## नाम र प्रारम्भ

**१.१ नाम :**

यो कार्यविधिको नाम सम्पत्ती शुद्धीकरण निवारण कार्यविधि, २०७९ रहेको छ।

**१.२ प्रारम्भ :**

यो कार्यविधि संस्थाको संचालक समितिले निर्णय गरेको मिति देखि लागु हुने छ। आगामी वार्षिक साधारण सभाबाट अनुमोदन गरिने छ।

**१.३ परिभाषा :**

**बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

१. "ऐन" भन्नाले सम्पत्ती शुद्धीकरण निवारण ऐन, २०६४ लाई सम्झनु पर्दछ।
२. "नियमावली" भन्नाले सम्पत्ती शुद्धीकरण निवारण नियमावली, २०७३ लाई सम्झनु पर्दछ।
३. "निर्देशन" भन्नाले सहकारी विभागद्वारा सहकारी संघ संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ लाई सम्झनु पर्दछ।
४. "कार्यालय" भन्नाले सहकारी संस्थालाई नियमन गर्ने नियमनकारी निकायलाई बुझ्नु पर्दछ।
५. "व्यवस्थापक" भन्नाले संस्थामा कार्यरत कर्मचारीहरुको प्रमुख व्यक्तिलाई सम्झनु पर्दछ।
६. "मन्त्रालय" भन्नाले कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ।
७. "रजिष्ट्रार" भन्नाले विभागको रजिष्ट्रारलाई सम्झनु पर्दछ।
८. "वित्तिय जानकारी एकाई" भन्नाले ऐनको दफा ९ बमोजीम बित्तिय जानकारी एकाईलाई सम्झनु पर्दछ।
९. "विनियम" भन्नाले संस्थाको विनियमलाई सम्झनु पर्दछ।
१० "विभाग" बिभाग भन्नाले सहकारी बिभागलाई सम्झनु पर्दछ।
११. "संघ" भन्नाले सहकारी ऐन, २०७४ अनुसार गठन भएको जिल्ला, प्रदेश र केन्द्रमा भएको संघहरुलाई सम्झनु पर्दछ।
१२."सदस्य" भन्नाले संस्थाको विनियम अनुसार बनेको शेयर सदस्यलाई सम्झनु पर्दछ।
१३."संस्था" भन्नाले.फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि. लाई जनाउनेछ।
१४) "समिति" भन्नाले साधारण सभाबाट निर्वाचीत संचालक समितिलाई जनाउनेछ।
१५) "उपसमिति" भन्नाले संचालक समितिले निश्चित उद्देश्यका लागि गठन गरेको उपसमितिलाई जनाउनेछ।
१६) "अधिकार प्राप्त" भन्नाले नियमानुसार कुनै काम गर्न अधिकार पाएको अधिकारी सम्झनु पर्दछ।
१७) "कर्मचारी" भन्नाले संस्थाको स्वीकृत दरबन्दी भित्रका तह नखुलेको वा खुलेको काम गर्ने स्थायी, अस्थायी एवं करारका कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेदः २
## उद्देश्य एवं अधिकार

### २.१ उद्देश्य

**यस कार्यविधि निर्माणका तपसिलमा उल्लेख गरिए बमोजीमका उद्देश्यहरु रहेका छन् :**

१. सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्नु ।
२. सम्पत्ति शुद्धीकरण गरी आतङ्ककारी क्रियाकलापमा लगानि गर्न रोक लगाउनु ।
३. राज्यलाई कर छल्ने प्रवृत्तिलाई रोकथाम गर्नु ।
४. राज्यको राजश्व संकलनमा योगदान पुऱ्याउनु ।
५. शेयर सदस्यहरुको अभिलेख चुस्त र दुरुस्त राख्नु ।
६. कारोवारमा सहजता ल्याउनु ।
७. सदस्यहरुलाई नजिकबाट पहिचान गर्नु ।

### २.२ अधिकार :

यो कार्यविधिको आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा व्याख्या गर्ने अधिकार संचालक समितिमा निहित रहने छ । यस कार्यविधिमा उल्लेख भएका कुराहरु सहकारी ऐन तथा नियमावली, सम्पति शुद्धीकरण निवारण ऐन तथा नियमावली, संस्थाको विनियम तथा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

## परिच्छेदः ३
## पहिचान एवं व्यवस्थापन

### ३.१ सदस्य पहिचान

क) सदस्य तथा सम्भावित सदस्यको पहिचान तथा सोको सम्पुष्टि गर्नुपर्नेछ ।
ख) सदस्य पहिचान तथा सम्पुष्टि गर्दा वास्तविक धनि तथा हिताधिकारी भए सोको समेत पहिचान गर्नुपर्नेछ ।
ग) सदस्य पहिचान फारममा प्राकृतिक व्यक्ति सदस्य भए निजको ल्याप्चे छाप र कृत्रिम व्यक्ति भए आधिकारीक छाप र खाता सञ्चालकको ल्याप्चे छाप लिनु पर्नेछ ।
घ) बाल बचत खाता सञ्चालन गर्दा बालकको संरक्षक वा अभिभावकको ल्याप्चे छाप लिनु पर्नेछ ।
ङ) सदस्यले दिएको विवरणमा शंका लागेमा संस्थाले निज शेयर सदस्यको छिमेकीसँग समेत बुझ्नु पर्नेछ ।
च) सदस्य बन्ने व्यक्तिको सम्पुर्ण विवरण नभराई सदस्यता प्रदान गर्न पाईने छैन ।
छ) कुनै पनि व्यक्तिलाई सदस्य बनाउदा संस्थामा सम्बन्धित स्वंय व्यक्ति उपस्थित हुनुपर्नेछ ।
ज) संस्थाले सदस्य वा सदस्य हुन इच्छुक व्यक्तिको अनुसुची– १ बमोजिमको सदस्यता पहिचान फारम भर्नु पर्ने छ ।
झ) संस्थाले उच्च पदस्थ व्यक्तिहरुको पहिचान सम्बन्धी तपसिलमा लेखिएका व्यवस्था गर्नु पर्नेछ ।
सदस्य विवरण नियमित रुपमा अद्यावधिक गर्ने ।
   १. उच्च पदस्थ व्यक्ति थपघट भएको अवस्थामा तत्काल पहिचान गर्ने ।
   २. उच्च पदस्थ व्यक्तिको परिवार तथा सम्वद्ध व्यक्तिको पहिचान गर्ने ।
   ३. उच्च पदस्थ व्यक्तिको हैसियत र संलग्नता बमोजिमको जोखिम पहिचान गर्ने ।
ञ) उच्च पदस्थ व्यक्तिहरुको पहिचान गर्दा तपसिलमा उल्लेखित प्रक्रियाहरु अवलम्वन गर्न सकिनेछ ।
   १. सदस्यवाट सूचना लिने ।
   २. सार्वजनिक रुपमा उपलव्ध सूचना ग्रहण गर्ने ।
   ३. सामाजिक सञ्जालमा उपलव्ध सूचनाहरुको विश्लेषण गर्ने ।
   ४. व्यवसायिक रुपमा उपलव्ध तथ्यांकहरु लिने ।
ट) उच्च पदस्थ व्यक्तिहरुको अभिलेख निज पदवाट अवकास भएको वा मुक्त भएको मितिले ५ वर्षसम्म कायम राख्नु पर्नेछ । यदि वढी जोखिम देखिएको अवस्था छ भने उक्त अवधि भन्दा वढी अवधि पनि राख्नुपर्नेछ ।

### ३.२ कारोवारको पहिचान

सदस्यले गरेको कारोवारको तपसिलमा लेखिए बमोजिम पहिचान गर्नुपर्दछ ।

क) सदस्यले पेश गरेको विवरण, कारोवार र निजको हैसियत मिल्छ वा मिल्दैन ?

ख) सदस्यको काम कारोवार उपर अन्य कुनै व्यक्तिको कुनै किसिमको प्रभाव वा स्वार्थ हुन सक्ने अवस्था छ छैन ?

ग) सदस्यको पुर्ख्यौली तथा वर्तमान आर्थिक अवस्था स्वाभाविक देखिन्छ वा देखिदैन ?

घ) सदस्य र निजसँग सम्वद्द व्यक्तिको वारेमा सार्वजनिक रुपमा उपलब्ध सूचनासँग मेल खान्छ खाँदैन ?

### ३.३ बृहत् पहिचान

सदस्यको तपसिलमा लेखिए अनुसार बृहत् पहिचान गर्नुपर्ने छ ।

क) बिद्युतीय माध्यमबाट भएको कारोवार ।

ख) भ्रष्ट्राचार, कर छली लगायत अन्य अपराधिक कार्यका दृष्टिले उच्च जोखिममा छ वा छैन ?

ग) रु.३०,००,०००।- भन्दा वढी बचत गरेको वा शेयर खरिद गरेको वा ऋण लिएको सदस्यसम्झनुपर्दछ ।

घ) यसरी उल्लेखित कारोवार गर्ने शेयर सदस्यको औपचारिक वा अनौपचारिक रुपमा सूचना संकलन गर्नु पर्दछ ।

ङ) ७ (घ) मा उल्लेखित रुपमा प्राप्त सूचनाहरुलाई जाँचबुझ गर्नुपर्दछ र निश्कर्ष अनुरुप आवश्यक कार्य गर्नुपर्दछ ।

च) सदस्यहरुको विवरणहरु अद्यावधिक गरी सुरक्षित रुपमा राख्नु पर्दछ ।

### ३.४ जोखिम व्यवस्थापन

संस्थाले जोखिम पहिचान गर्दा ऐनको दफा ७ (घ) लाई आधार मान्नुको साथै तपसिलमा लेखिएका आधार लिनुपर्नेछ :

क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मुल्यांकन ।

ख) ऐनमा उल्लेखित विषयमा अन्तर्राष्ट्रिय रुपमा भएको अध्ययन तथा अनुसन्धान प्रतिवेदन ।

ग) सदस्य तथा सम्वद्द व्यक्तिको आर्थिक अवस्था तथा पृष्ठभूमि ।

घ) पदीय वा अन्य प्रभाव स्थिति वा स्वामित्वको अवस्था ।

ङ) पेश भएका विवरण प्रयोग गर्न चाहेको वा गरेको उत्पादन वा सेवा वितरण माध्यम तथा कारोवारहरुको स्वभाविकता, विश्वसनीयता र तादात्म्यता ।

च) सदस्यको आर्थिक वा अन्य अवस्थामा आएको परिवर्तन ।

छ) सदस्य रहेको वा सदस्यको काम/कारोवार रहेको स्थानको विशेषता ।

ज) संस्थाले जोखिमको वर्गिकरण गर्दा उच्च, मध्यम र न्यून जोखिममा वर्गीकरण गर्नुपर्नेछ ।

### ३.५ असामान्य कारोवार

संस्थाले तपसिलमा उल्लेखित कारोवार लाई असामान्य कारोवार मान्नु पर्दछ:

क) चित्तबुझ्दो आधार भएको बाहेक एकैपल्ट वा पटक पटक गरी वार्षिक रु. ३० लाख भन्दा वढिको वचत जम्मा वा कर्जा भुक्तानी भएको ।

ख) एकैपल्ट वा पटक पटक गरी वार्षिक रु. ३० लाख भन्दा वढिको विप्रेषण वा रकम स्थानान्तरण भएको ।

ग) एकैपल्ट वा पटक पटक गरी रु. ३० लाख भन्दा वढिको शेयर खरिद गरेको ।

घ) सिमा कारोवार प्रतिवेदन छल्ने मनसायले कारोवार गरेको ।

### ३.६ सीमा कारोवारको स्रोत

शेयर सदस्यले संस्थामा रु.१० लाख वा सो भन्दा वढीको तपसिलमा उल्लेखित कारोवार गर्दा सम्वन्धित सदस्य वा व्यक्तिबाट स्रोत खुलासा लिनु पर्नेछ ।

क) संस्थाको शेयर खरिद गर्दा ।

ख) संस्थामा बचत/निक्षेप जम्मा गर्दा ।

ग) संस्थाबाट लिएको ऋणको साँवा, व्याज भुक्तानी गर्दा ।

घ) विप्रेषण वा स्थानान्तरण को रकम भुक्तानी लिदा खातामा जम्मा वा खातासार गर्दा ।

**३.७ कारोवार गर्न नहुने**

सम्पत्ति शुद्धीकरण निवारण ऐनको दफा ६ र ७ (ण) मा उल्लेखित व्यक्तिका अतिरिक्त सदस्यता पहिचानका आधार पूरा नभएका व्यक्तिसँग कारोवार गर्नु हुदैन ।

**३.८ सुरक्षात्मक उपाय अवलम्बन**

संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐनको दफा ७ (ट) बमोजिम नयाँ प्रविधिबाट वा व्यक्ति उपस्थित नभई कारोवार सञ्चालन गर्दा र सोका लागि कार्यविधि निर्माण गर्दा जोखिमको समुचित व्यवस्थापन हुने गरी आवश्यक उपायहरु अवलम्बन गर्नुपर्नेछ ।

**३.९ सीमा कारोवारको प्रतिवेदन**

संस्थाले तोकेको अधिकृतले सम्पत्ति शुद्धीकरण निवारण ऐनको दफा १० (क) बमोजिमको सीमा कारोवार सम्बन्धी प्रतिवेदन त्यस्तो कारोवार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तिय जानकारी ईकाईले तोके बमोजीमको ढाँचामा वित्तिय जानकारी ईकाईमा दिनुपर्नेछ ।

सीमा कारोवार भित्र तपसिलमा उल्लेखित कारोवारहरु पर्दछन्:

क) कुनै सदस्यले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा वढी रकमको कारोवार,

ख) कुनै सदस्य वा व्यक्तिलाई एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा वढी रकम बरावरको विद्युतीय वा अन्य स्थानान्तरण तथा भुक्तानी,

**३.१० शंकास्पद कारोवार :**

संस्थालाई कुनै पनि शेयर सदस्यको कारोवार माथि शंका लागेमा त्यस्तो कारोवारलाइ संकास्पद कारोवारमा राख्नु पर्दछ ।

**३.११ बित्तिय जानकारी ईकाईको निर्देशन**

संस्थाले वित्तिय जानकारी ईकाइले जारी गरेका सीमा कारोवार तथा शंकास्पद कारोवार सम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गर्नुपर्नेछ ।

## परिच्छेद: ४
## जिम्मेवारी

**४.१ संस्थाको जिम्मेवारी**

ऐन, नियमावली, निर्देशन बमोजिम संस्थाले पुरा गर्नुपर्ने दायित्व प्रभावकारी रुपमा पुरा गर्न गराउन आवश्यक कार्यविधि, कार्यविधि नियन्त्रण प्रणाली, जनशक्ति, साधन स्रोतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सञ्चालक समितिको हुनेछ ।

**४.२ व्यवस्थापकको जिम्मेवारी**

ऐन, नियमावली र निर्देशन बमोजिम संस्थाले पूरा गर्नुपर्ने दायित्व पुरा गर्न आवश्यक व्यवस्थापकिय जिम्मेवारी व्यवस्थापकको हुनेछ ।

**४.३ कार्यान्वयन अधिकारी**

क) संस्थाको सञ्चालक समितिले ऐन, नियमावली, निर्देशन बमोजिमको दायित्व पुरा गर्न कार्यान्वयन अधिकारी नियुक्त गर्नेछ ।

ख) संस्थाले कार्यान्वयन अधिकारीको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्वर, ईमेल लगायतका विवरण वित्तीय जानकारी इकाई र विभाग समक्ष पेश गर्नु पर्नेछ साथै कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सो को समेत जानकारी पठाउनुपर्नेछ ।

ग) कार्यान्वयन अधिकारीको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ:

१) आफ्नो कार्य सम्पादनको सिलसिलामा आवश्यक कुनै पनि अभिलेख हिसाव किताव र लेखा सम्बन्धी कागजातहरु उपर पहुँच प्राप्त गर्ने ।

२) संस्थाको सम्वन्धित कर्मचारीसँग कुनै सूचना जानकारी विवरण वा कागजात माग गर्ने र प्राप्त गर्ने ।

३) ऐन, नियमावली, निर्देशन कार्यान्वयन गर्न आवश्यक अन्य कार्य गर्ने ।

४) ऐन, नियमावली, निर्देशन र यस कार्यविधि बमोजिमको कार्य प्रभावकारी वनाउन फोकल व्यक्तिको रुपमा काम गर्ने ।

५) ऐन, नियमावली, निर्देशन र यस कार्यविधि बमोजिमको कार्य प्रभावकारी रुपमा गर्न कार्यविधि र प्रणाली मस्यौदा तर्जुमा गरी पेश गर्ने ।

६) कर्मचारी वा अन्य स्रोतवाट ऐन, नियमावली र यस निर्देशन बमोजिम प्राप्त अस्वभाविक वा शंकास्पद कारोवर सम्वन्धी सूचना विश्लेषण तथा जाँचबुझ गर्ने ।

७) आफ्नो कार्य सम्पादन गर्न अन्य विभाग वा पदाधिकारी सँग विशेषज्ञ सेवा लिन वा आवश्यक जुनसुकै कागजात, विवरण वा सूचना निर्वाध रुपमा जुनसुकै वखत प्राप्त गर्न सक्ने ।

८) ऐन, नियमावली, निर्देशन बमोजिमको विषय कार्यान्वयन भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

९) सम्पत्ती शुद्धीकरण ऐन, नियमावली, निर्देशन, कार्यविधि अनुरुप कार्य गर्न गराउन अधिनस्त कर्मचारीलाई जानकारी दिने ।

१०) अधिनस्त कर्मचारीहरुलाई सम्पत्ती शुद्धीकरण ऐन, नियमावली, निर्देशन, कार्यविधिको वारेमा जानकारी दिई सोही अनुसार कार्य गराउने ।

११) सम्पत्ती शुद्धीकरण ऐन, नियमावली, निर्देशन, कार्यविधि अनुसार काम कारवाही नगर्ने कर्मचारीलाई कारवाहीको लागि सिफारिस गर्ने ।

घ) कार्यान्वयन अधिकारीलाई सहयोग गर्न संस्थाले आवश्यक कर्मचारीहरुको व्यवस्था गर्न सक्नेछ ।

ङ) कार्यान्वयन अधिकारीले ऐन नियमावली, निर्देशन र यस कार्यविधि बमोजिमको विषय कार्यान्वयन गर्ने सिलसिलामा माँग गरेको आवश्यक सूचना, जानकारी, कागजात, अभिलेख वा विवरण उपलव्ध नगर्ने सम्बन्धित संस्थाका पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाहीको सिफारिस गर्नु पर्नेछ र सो सिफारिस बमोजिम संस्थाले कारवाही गर्नु पर्नेछ । यसरी गरीएको कारवाही वित्तिय जानकारी ईकाई तथा विभागलाई गराउनु पर्नेछ ।

च) सञ्चालक समितिले कम्तीमा चौमासीक रुपमा ऐन, नियमावली, निर्देशन यस कार्यविधि बमोजिम भए गरेका काम कारवाहीको समिक्षा गर्नु पर्नेछ ।

छ) ऐन, नियमावली, निर्देशन र यस कार्यविधिको पालना प्रभावकारी एवं परिणाममुखी बनाउनका लागि संस्थाले आफ्नो सदस्य, सञ्चालक समितिका सदस्यहरु तथा उच्च व्यवस्थापन र कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

**४.४ गोपनियता**

क) संस्थाको कार्यान्वयन अधिकारीले ऐन, नियमावली, निर्देशन र यस कार्यविधि बमोजीम तयार वा पेश गरेको सीमा वा शंकास्पद कारोवारको प्रतिवेदनको सूचना वा जानकारी वित्तीय जानकारी इकाई वाहेक अन्य कसैलाई दिनु हुदैन तर कानुनी अधिकार प्राप्त व्यक्तिले माँग गरेमा दिनुपर्नेछ ।

ख) संस्थाको पदाधिकारी, कर्मचारी, सल्लाहकार वा लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका सिलसिलामा प्राप्त सूचना वा जानकारी सम्बन्धित वा अन्य कुनै व्यक्तिलाई कुनै तवरले प्रकट नगरी गोप्यता कायम राख्नु पर्नेछ ।

ग) ऐन, नियमावली, निर्देशन र यस कार्यविधि बमोजिम गोपनीयता कायम गर्नुपर्ने विषयका सन्दर्भमा सम्पत्ती शुद्धीकरण निवारण ऐनको दफा ३७ बमोजिम बचाउ हुने अवस्था बाहेक कोही कसैले गोपनीयता सम्वन्धी व्यवस्था पालना नगरेमा ऐनको दफा ४४ (क) तथा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

**४.५ प्रतिवेदन सम्बन्धमा :**

१. संस्थाले सीमा कारोबारको प्रतिवेदन अनुसुची २ अनुसारको ढाँचामा वित्तिय जानकारी इकाईमा पठाउनुपर्ने छ ।

२. संङ्कास्पद कारोबारको प्रतिवेदन अनुसुची ३ बमोजीमको ढाँचामा वित्तिय जानकारी इकाईमा पठाउनुपर्ने छ ।

३. संस्थाले सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धि सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन २०७४ बमोजीम भए गरेका कार्यहरुको प्रतिवेदन अनुसुची ४ बमोजीम चौमासीक रुपमा सम्बन्धित कार्यालयमा पठाउनु पर्ने छ ।

**४.६ थप व्यवस्था**

क) यस कार्यविधिलाई कार्यान्वयन गर्दा सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधि व्यवहारको प्रचलनलाई ध्यान दिनु पर्नेछ ।

ख) सञ्चालक सदस्य र कर्मचारीहरुमा उच्चतम नैतिक मर्यादास्तरको अपेक्षा, झुठ्ठा विवरणको घोषणा र विचलनमा शुन्य सहिष्णुता कायम गर्नुपर्नेछ ।

ग) ऐन, नियमावली, निर्देशन र यस कार्यविधिमा भएको व्यवस्था कार्यान्वयनमा साधारण सदस्य, विभिन्न पदमा निर्वाचित सदस्य एवं कर्मचारीहरुलाई स्वतन्त्र, निर्भीक एवं अग्रतापूर्ण ढंगले सूचना दिन, प्रतिवेदन गर्न र अन्य कर्तव्य पालना गर्न प्रोत्साहन एवं संरक्षण गर्नुपर्नेछ ।

घ) सम्पत्ती शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तिय लगानी निवारणमा संस्थाको दायित्वका सम्बन्धमा सूचना, शिक्षा, सञ्चार गतिविधिहरुका साथै कर्मचारीहरुको दक्षता विकासमा लगानि उचित मात्रामा गर्नुपर्नेछ ।

ङ) प्रतिवेदन प्रणाली स्पस्ट हुनुपर्नेछ ।

**४.७ अभिलेख व्यवस्थापन**

संस्थामा तयार भएका विवरण, सूची, जानकारी, प्रतिवेदन, अभिलेख, सूचनाहरु पाँच वर्ष सम्म सुरक्षित राख्नु पर्नेछ । यसरी भएका अभिलेखहरु विद्युतिय माध्यममा समेत सुरक्षण गरी राख्नु पर्नेछ ।

**४.८ विविध**

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सुचना प्रणालीमा १ वर्ष भित्रमा सहभागी हुने ।

## परिच्छेदः ५
## खारेजी तथा बचाऊ

५.१ सम्पत्ति सुद्धिकरण निवारण कार्यविधि- २०७९ भन्दा अगाडी भएका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

५.२ यस कार्यविधिमा संलग्न नभएका कुराहरु संचालक समितिको निर्णय बमोजिम हुनेछ साथै यस कार्यविधिमा उल्लेख भएका कुराहरुमा प्रष्ट नभई विवाद उत्पन्न भएमा व्याख्या गर्ने अधिकार संचालक समितिमा निहित रहनेछ ।

५.३ यस सम्पत्ती शुद्धीकरण निवारण कार्यविधि- २०७९ लाई सञ्चालक समितिले आवश्यकता अनुसार संसोधन, पुर्नलेखन वा खारेज गरी साधारण सभाबाट अनुमोदन गराउन सक्ने छ ।

*फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.*

काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही

# ऋण व्यवस्थापन कार्यविधी २०७९

**प्रस्तावना**

संस्थामा जम्मा भएको वित्तिय श्रोतलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि संस्थामा सदस्यको ऋण निवदेन परे पश्चात लगानी पूर्वको विश्लेषण, लगानीमा रहेको ऋणमा अनुगमन र कारणवश भाखा नाघेको अवस्थामा भाखा नाघेको ऋणको व्यवस्थापनसम्मका कार्यहरुलाई व्यवस्थापन गर्न वान्छनीय भएकोले ऋण व्यवस्थापन कार्यविधि-२०७९ निर्माण गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भ र परिभाषा

१.१. **सक्षिप्त नाम** : यस कार्यविधीको नाम फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.को ऋण व्यवस्थापन कार्यविधी २०७९ रहने छ ।

१.२ **प्रारम्भ** : यो कार्यविधी संस्थाको साधारण सभाबाट निर्णय गरेको मिति देखि लागु हुनेछ ।

१.३ **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऋण नीति २०७९ मा :

(क) "**ऐन**" भन्नाले सहकारी ऐन २०७४ लाई जनाउने छ साथै प्रदेश र स्थानीय तहले जारी गरेको सहकारी ऐनलाई समेत जनाउनेछ ।

(ख) "**नियमावली**" भन्नाले सहकारी नियमावली २०७५ लाई जनाउने छ साथै प्रदेश र स्थानीय तहले जारी गरेको सहकारी नियमावली समेत जनाउनेछ ।

(ग) "**विनियम**" भन्नाले संस्थाको विनियम २०६६ लाई जनाउनेछ ।

(घ) "**संस्था**" भन्नाले फ्लास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई जनाउनेछ ।

(ङ) "**ऋण**" भन्नाले सदस्यहरुको निश्चित उद्देश्य एवम् आवश्यकता पुरा गर्न निश्चित समय भित्र एकमुष्ठ वा पटक-पटक गरी व्याज सहित फिर्ता गर्ने सर्तमा सदस्यलाई लगानी गरिएको रकमलाई जनाउनेछ ।

(च) "**सदस्य**" भन्नाले संस्थाले तोकेको न्यूनतम कित्ता शेयर खरिद गरेका संस्थाका शेयर सदस्यहरुलाई जनाउनेछ ।

(छ) "**अचल सम्पत्ति**" भन्नाले घर तथा जग्गालाई जनाउनेछ ।

(ज) "**समूह**" भन्नाले संस्थामा आवद्ध सदस्यहरुको समूहलाई जनाउनेछ ।

(झ) "**सञ्चालक**" भन्नाले संस्थाको सञ्चालक समितिका पदाधिकारी लगायतका सदस्यहरु समेतलाई जनाउनेछ ।

(ञ) "**किस्ता**" भन्नाले सदस्यलाई ऋण लगानी गर्दा लगानी गरिएको ऋण रकम दुई वा दुईभन्दा बढी पटकमा भुक्तानी तालिका अनुसार फिर्ता गर्ने गरी तोकिएको रकमलाई जनाउनेछ ।

(ट) "**ब्याज**" भन्नाले सदस्यहरुलाई लगानी गरिएको ऋणको क्षतिपूर्ति वापत तोकिएको निश्चित दरमा थप गरी ऋण लिने सदस्यले संस्थामा बुझाउनु पर्ने रकमलाई जनाउनेछ ।

(ठ) "**ग्रेस अवधि**" भन्नाले उत्पादनमूलक क्षेत्रमा लगानी गरेको ऋण रकमलाई व्यवसायबाट प्रतिफल प्राप्त नहुँदासम्मका लागि ऋण लगानी र पहिलो किस्ताबीचको समय अवधिलाई सम्झनु पर्दछ ।

(ड) "**धितो**" भन्नाले संस्थाले सदस्यबाट ऋण लगानीको सुरक्षणको लागि लिएको चल/अचल सम्पत्तिलाई सम्झनु पर्दछ ।

(ढ) "**समूह जमानी**" भन्नाले संस्थाको लघुवित्त कार्यक्रममा आवद्ध सदस्यहरुले आफ्नो समूहबाट ऋण लिने सदस्यले तिर्न बुझाउन नसकेमा सामूहिक रुपमा तिर्न बुझाउन मञ्जुर भई गरिदिएको कागजातलाई सम्झनु पर्दछ ।

(ण) "**जमानी**" भन्नाले ऋणी सदस्यले समयमा ऋण भुक्तानी नगरेमा उक्त ऋणको भुक्तानीको जिम्मेवारी लिई कागज गर्ने व्यक्तिलाई जनाउनेछ ।

(त) "**साक्षी**" भन्नाले ऋणी सदस्यले ऋण रकम बुझिलिएको हो भनी लिखित सहिछाप गर्ने व्यक्तिलाई जनाउने छ ।

(थ) "**मञ्जुरीनामा**" भन्नाले आफ्नो हकलाग्ने चल/अचल सम्पत्तीलाई प्रयोग गर्न अधिकार प्रत्यायोजन गर्ने कागजातलाई जनाउनेछ ।

(द) "**परिवार**" भन्नाले माने नछुटाई एउटै भान्छा प्रयोग गरी बसेका परिवारका सदस्यहरुलाई जनाउने छ ।

## परिच्छेद २

### उद्देश्य तथा योग्यता

**२.१ ऋण व्यवस्थापन कार्यविधिको उद्देश्य :**

क) संस्थामा आएका ऋण निवेदनहरुलाई ऋण नीति अनुरुप विश्लेषण गरी सुरक्षित लगानी गर्ने ।

ख) सदस्यहरुको परिवर्तित आवश्यकताका आधारमा आकर्षक ऋण सेवाको विकास गर्ने ।

घ) ऋणलाई क्षमताका आधारमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने ।

ङ) लगानीमा रहेको ऋणको सदुपयोगिता लगायतको अनुगमनलाई व्यवस्थित गर्ने ।

च) संस्थाको वित्तिय स्वस्थताका लागि लगानीमा रहेको ऋणको प्रभावकारी असुली गर्ने ।

**२.२ ऋण लिने योग्यता :**

क) सहकारी ऐन/कानुन, नीति, सहकारी मापदण्ड, संस्थाको विनियम तथा ऋणसँग सम्बन्धित नीतिहरु र अन्य सम्बन्धित ऐन, नियमहरु परिपालना गर्न तत्पर हुनु पर्ने ।

ख) संस्थाले तोकेको प्रक्रिया र मापदण्ड पुरा गरी शेयर सदस्य भएको हुनु पर्ने ।

ग) संस्थामा मासिक नियमित बचत गरेको हुनु पर्नेछ ।

घ) संस्थाको सदस्यता प्राप्त गरेको कम्तिमा तीन महिना पुरा भएको हुनु पर्ने ।

ङ) ऋण मागकर्ता सदस्यले संस्थाबाट यस अघि कुनै प्रकारको ऋण लिएको भए सोको साँवा ब्याज चुक्ता गरेको हुनु पर्नेछ । तर मूल्यवृद्धि, प्राकृतिक विपत्ती जस्ता वाह्य कारणले ऋणीले सुरु गरेको परियोजना सम्पन्न गर्न रकम नपुग भएर ऋण माग गरेमा सोको औचित्य र कारण हेरी त्यस्ता ऋणीलाई थप ऋण प्रदान गर्न बाधा पर्ने छैन । यस्तो अवस्थामा जति नै ऋण रकम भए पनि सञ्चालक समितिको निर्णय अनिवार्य हुनेछ ।

च) पछिल्लो एक वर्षमा नीज सदस्यले लिएको कुनै पनि ऋणको भाखा ननघाई नियमित भुक्तानी गरेको हुनु पर्नेछ ।

छ) ऋणीले उत्पादनमूलक कार्यका लागि ऋण माग गरेको हुनु पर्दछ ।

ज) मानसिक सन्तुलन ठिक भएको ।

झ) अन्य वित्तिय संघसंस्थामा ऋण कारोवार गरी कालो सूचीमा नपरेको हुनु पर्नेछ ।

ञ) ऋण माग गर्ने समयमा कुनै फौजदारी तथा अन्य कुनै कानुनी अभियोग नलागेको हुने पर्नेछ ।

ट) समय समयमा हुने संस्थाको नीति नियमको परिवर्तन तथ संशोधनलाई मान्न तयार भएको ।

ठ) संस्थाबाट जारी गरिएको सदस्य पहिचान फाराम भरी अनिवार्य रुपमा अद्यावधिक गरिएको हुनु पर्नेछ ।

## परिच्छेद ३

### ऋण नीति :

**संस्थाले आफ्ना सदस्यहरुलाई ऋण वितरणको लागि निम्न लिखित सामान्य नीतिहरु अपनाउने छ ।**

१) ऋण माग गर्ने व्यक्ति संस्थाको सदस्य हुनु पर्छ ।

२) नियम १६ बमोजिमको प्रक्रिया पुरा गर्नु पर्छ ।

३) ऋण दिनुभन्दा पहिले निजको तीन पुस्ते विवरण, पूरा ठेगाना, सही वा ल्याप्चे आदि विवरण सदस्य रजिष्टरमा चढाइएको हुनु पर्छ ।

४) ऋण माग गर्ने व्यक्ति इमान्दार, विश्वासिलो, परिश्रमी तथा समयमै ऋण फिर्ता गर्न सतर्कता देखाउने किसिमको हुनु पर्छ ।

५) समयमा ऋण नतिर्ने, पुरानो ऋण बाँकी राख्ने, अन्य लेनदेनमा विवाद भएको सदस्यलाई ऋण दिनु हुँदैन । तर दैवी प्रकोप वा काबुभन्दा बाहिरको परिस्थिति परी ऋण तिर्न नसकी म्याद थपको लागि निवेदन दिने र आवश्यक जाँचबुझ पछि म्याद थप भएको रहेछ भने पुनः ऋण दिन बाधा पर्ने छैन ।

६) ऋण दिनुभन्दा अघि ऋणको उद्देश्य अनुरुप सीमा तोकिनु पर्नेछ ।

**१. ऋणको ब्याज दर र हर्जाना :**

१) संस्थाले लगानी गरेको ऋणमा संस्थाले निर्धारण गरेको ब्याज दरको आधारमा समितिले समय समयमा निर्धारण गरे बमोजिम ब्याज र भाखा नाघेकोमा हर्जाना समेत असुल गर्नेछ ।

२) ऋणीहरुले ऋण बुझाउन ल्याउँदा बुझाउन ल्याएको मितिसम्मको लाग्ने ब्याज असुल गरी बाँकी रहने रकमबाट साँवा असुल गरिने छ ।

३) म्याद नाघ्नुभन्दा १५ दिन अगावै सम्पूर्ण रकम चुक्ता गर्ने ऋणीलाई ब्याजदरमा १/२ (आधा) प्रतिशत छुट दिन सकिने छ ।

**२. ऋणीको लागि धितो :**

१) कुनै पनि सदस्यलाई विना धितो ऋण उपलब्ध गराइने छैन ।

२) संस्थामा राखिने चल अचल धितोको मूल्याङ्कन स्थानीय खरिद विक्री वा प्रचलित बजार मूल्यको आधारमा समितिले गर्नेछ ।

३) उप-नियम (२) बमोजिम चल अचल धिताको मूल्याङ्कन गर्ने सिलसिलामा समितिले आवश्यक ठानेको स्थानीय निकायहरु, मालपोत कार्यालय, सम्बन्धित प्राविधिज्ञहरुको समेत राय लिन सक्नेछ ।

४) उप-नियम (२) बमोजिम मूल्याङ्कन गरिएको धितोमा धितोको प्रकृति, अवस्था, तरलता, उपर्युक्तता आदि समेत विचार गरी कम्तिमा ३० प्रतिशत मार्जिन कटाई समितिले ऋण वितरण गर्न सक्नेछ ।

५) जग्गाको हकमा मूल्याङ्कन गरिएको रकमको ६० प्रतिशत नबढाई र घरको हकमा मूल्याङ्कन भएको रकमको ५० प्रतिशतमा नबढाई ऋण प्रदान गर्न सकिने छ ।

**३. ऋण माग फाराम संकलन :**

१) संस्थाले सदस्यहरुलाई ऋण वितरण गर्नु अघि अनुसूची-२ बमोजिमको ढाँचामा ऋण माग फाराम भर्न लगाउनु पर्छ ।

२) सदस्यहरुले उप-नियम (१) बमोजिमको ऋण माग फाराम भरी संस्थामा पेश गरेपछि त्यस्तो माग फाराम संस्थाको नीति र स्वीकृत कार्यक्रम तथा बजेट भित्र परेको रहेछ भने व्यवस्थापकले नियम ६ को उप-नियम (१) बमोजिमको उप-समिति वा समितिमा निर्णयको लागि पेश गर्नु पर्छ ।

३) उप-नियम (२) बमोजिम नभएको वा रित नपुगेको ऋण माग फाराम संस्थाले लिन हुँदैन ।

**४. स्वीकृत गरी वितरण गर्ने :**

१) संस्थाद्वारा वितरण गरिने जुनसुकै ऋण स्वीकृत गर्ने अधिकार समितिलाई हुनेछ । तर समितिले उपर्युक्त ठानेमा निम्न बमोजिमको ऋण उप-समिति गठन गर्न सक्नेछ :

| | | |
|---|---|---|
| क) | सञ्चालकहरु मध्येबाट संयोजक समेत गरी सदस्य | १ जना |
| ख) | शेयर सदस्य | २ जना |
| | जम्मा | ३ जना |

२) नियम १५ को उप-नियम (२) बमोजिम पेश हुन आएको ऋण माग फारामहरु समिति वा उप-समितिले छानविन गरी ऋण प्रदान गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

३) उप-नियम (२) अनुसार एउटै सदस्यले सामान वा भिन्दै उद्देश्यमा ऋण प्रदान गर्दा पटकै पिच्छे अनुसूची ३

बमोजिमको ढाँचामा तमसुक गराई धितो लिनु पर्छ । तर निजले पहिले राखेको धितो रकमले खाप्ने भएमा थप धितोको आवश्यकता पर्ने छैन ।

४) उप-नियम (३) अनुसार प्राप्त धितो घर र जग्गा भएमा संस्थाले सोको रोक्का मालपोत कार्यालयमा गराई राख्नु पर्छ ।

५) उप-नियम (२) बमोजिम ऋण माग फाराम छानविन गर्दा कुनै सदस्यलाई ऋण दिन नमिल्ने भएमा सोको सूचना सम्बन्धित सदस्यलाई समयमै दिनु पर्छ र ऋण पाउने सदस्यलाई पनि समयमै ऋण लिन आउनु भन्ने जानकारी दिनु पर्छ ।

६) सदस्यले संस्थाबाट जुन उद्देश्यको लागि ऋण लिएको हो सो बमोजिम उपयोग गरेको छ/छैन भन्ने सम्बन्धमा ऋण प्रदान गरेको १५ दिनभित्र समिति वा उप-समिति वा व्यवस्थापकले ऋण सदुपयोगिताको जाँच गर्नु, गराउनु पर्छ ।

७) उप-नियम (६) बमोजिम ऋण सदुपयोगिताको जाँच गर्दा गराउँदा कुनै सदस्यलाई प्राविधिक सरसल्लाह दिनु पर्ने देखिएमा यथासम्भव त्यस्तो व्यवस्था गर्ने प्रयास गर्नु पर्छ ।

८) उप-नियम (६) बमोजिम जाँच गर्दा ऋणको दुरुपयोग प्रमाणित भएको मितिले २ महिनाभित्र ऋण असुल गर्नु, गराउनु पर्नेछ ।

९) उप-नियम (८) बमोजिम ऋण सदुपयोग गर्ने व्यक्तिलाई ऋण असुल भएको मितिले २ वर्षसम्म ऋण सुविधाबाट वञ्चित गरिनेछ ।

**१७. ऋण असुल गर्ने :**

१) संस्थाले प्रत्येक ऋणी सदस्यलाई निजले लिएको ऋणको भाखा नाघ्ने मितिभन्दा १ महिना अगाडि भाखा नाघ्ने मितिसम्म साँवा, भाखा नाघ्ने मितिसम्म लाग्ने ब्याज रकम समेत जम्मा बुझाउन ल्याउनु पर्ने रकमको जानकारी दिनु पर्छ ।

२) ऋणी सदस्यले आफूले उत्पादन गरेको वस्तु नै संस्थालाई विक्री गरी ऋणको साँवा ब्याज चुक्ता गर्न चाहेमा समिति वा नियम १८ को उप-नियम (२) बमोजिम गठित उप-समितिले तोकेको मूल्यमा जिन्सीमा ऋण असुल उपर गर्न सकिने छ ।

३) सदस्यबाट ऋण असुल भएपछि पछाडि असुल भएको मिति सहित व्यवस्थापकले दरपीठ गरी सही गर्नु पर्छ ।

४) कुनै ऋणी सदस्यले जानाजानी ऋणको भाखा नघाएमा वा ऋण बुझाउने तर्फ कुनै सक्रियता नदेखाएमा निम्न बमोजिमको प्रक्रिया अपनाई बाँकी ऋण असुल उपर गर्नु पर्छ ।

क) ऋणी सदस्यलाई ऋण बुझाउने १५ दिनको अर्को सूचना दिने ।

ख) खण्ड (क) बमोजिम दिइएको अवधि भित्र पनि बुझाउन नल्याएमा कानुनी कारवाही गरिने जानकरी दिई पुनः १५ दिनको अर्को सूचना दिने ।

ग) खण्ड (ख) बमोजिम दिइएको समयभित्र पनि ऋण नबुझाएमा आवश्यक कानुनी कार्यविधि अपनाई असुल उपर गर्ने ।

# सहकारी संस्थामा आवद्ध सदस्यहरूको जिम्मेवारी !

१) समयमा नियमित बचत बुझाउने ।
२) आफूलाई आवश्यक ऋण संस्थाबाट लिने ।
३) समयमा ऋणको ब्याज तथा साँवा बुझाउने ।
४) संस्थाको प्रत्येक साधारण सभामा सहभागी हुने ।
५) संस्थाको निर्वाचनमा स्वच्छ भावनाले सहभागी हुने ।
६) संस्थाबाट उपलब्ध गराईएका सेवाहरु उपभोग गर्ने ।
७) संस्थाको उद्देश्यबारे जानकारी लिने ।
८) सहकारी सिद्धान्त, मूल्य, मान्यताको जानकारी लिने ।
९) सस्था उन्नतितिर गएको छ वा छैन भन्नेवारे ध्यान दिने ।
१०) संस्थाका खराब आचरण भएकालाई सुधार गर्न इमान्दारी पूर्वक प्रयास गर्ने ।
११) आफ्नो संस्थाको राम्रो पक्षको प्रचारप्रसार गर्ने ।
१२) संस्थामा देखिएका समस्याको समाधान गर्नमा सक्रिय सहयोग गर्ने ।
१३) संस्थाको बारे फैलाइएका भ्रम निवारणको लागि प्रतिवाद तथा निवारण गर्न पहल गर्ने ।
१४) समय समयमा संस्थाले तोकिएका अन्य कुराहरुको पालना गर्ने ।

# सहकारी चार मुख्य खाता

सहकारी संघ संस्थाहरुको आर्थिक तथा व्यवसायिक कारोवारमा निम्नानुसारका चार मुख्य खाताहरु प्रचलनमा रहेका छन् :

**दायित्व खाता**

सहकारी संघ संस्थाहरुले अरुलाई बुझाउनु पर्ने सबै प्रकारको हिसाव रकम यस खातामा चढाउनु पर्दछ । यसमा सदस्यहरुको शेयर पूंजि, वचत रकम, डिपोजिट रकम, धरौटी रकम, ऋण रकम, कसैलाई भुक्तानी दिनु पर्ने हिसाव लगायतका अन्य दायित्वहरु सहकारी लेखा तथा लेखापरीक्षण दिग्दर्शनरज्ञछ समावेश गरिएको हुन्छ । यस खातामा खर्च डेविट हुन्छ भने आम्दानी क्रेडिट हुन्छ । यसमा खर्च (डेविट), आम्दानी (क्रेडिट) र शेष (मौज्दात) गरी तीनवटा महलहरु र हेका हुन्छन् ।

**सम्पति खाता**

यस खातामा सहकारी संघ संस्थाको स्वामित्वमा रहेको धनमाल, जायजेथा, सम्पति लगायत लगानी रकम, अरुवाट पाउनु पर्ने रकम आदि समावेश गरिएको हुन्छ । यसमा खास गरी संघ संस्थाको नाउमा रहेको नगद तथा बैंक मौज्दात, लगानी, ऋण दिएकोरकम, अरुवाट पाउनु पर्ने हिसाव, मेशिन, फर्निचर, घर जग्गा, सवारी साधन आदि हिसावहरु समावेश गरिएको हुन्छ । यसमा संघ संस्थाको सम्पति वृद्धि हुदा डेविट र घटदा क्रेडिट हुन्छ ।

**सामान खरिद तथा खर्च खाता**

यस खातामा सहकारी संघ संस्थाले खरिद गर्ने सरसामान र सो को ढुवानीमा लाग्ने ज्याला तथा खर्च लगायत कार्यालय संचालन खर्चहरु- तलव, भत्ता, मर्मत, घरभाडा, धारापानी, विजुली, ब्याज खर्च, ह्रासकट्टि रकम, वैठक भत्ता, विविध आदि खर्चहरु समावेश गरिएका हुन्छन् । यस खाताको अन्त्यमा देखाइने कुल मौज्दात सामान्यतया क्रेडिट हुन्छ ।

**सामान विक्री तथा आम्दानी खाता**

यस खातामा सहकारी संघ संस्थाले सरसामान र सेवा विक्रीवाट प्राप्त रकम लगायत लगानी तथा ऋणवाट प्राप्त ब्याज आम्दानी, ब्यापारी छुट सुविधा, संघ संस्थामा प्राप्त अनुदान, सदस्यता वा प्रवेश शुल्क, स्थिर सम्पति भाडामा दिए वापत प्राप्त रकम, हर्जना वापत प्राप्त रकम आदि आम्दानी समावेश गरिएको हुन्छ । यस खाताको अन्त्यमा देखाइने कुल मौज्दात सामान्यतया डेविट हुन्छ ।

# सहकारी संस्थाको कर्जा नतिर्दा के हुन्छ ?

- ब्याज बढ्दै जान्छ । तिर्नुपर्ने रकम थपिँदै जान्छ । लागत बढ्छ ।
- भाखा नाघ्छ । खराब ऋणीमा परिन्छ ।
- समितिमा, कर्मचारीमा चर्चा हुन्छ । निगरानी बढ्छ ।
- कालो सुचीमा परिन्छ । सहकारी संस्था नामावली सार्वजनिक गर्न बाध्य हुन्छ ।
- छरछिमेक, वरपरका मान्छेले हेर्ने दुष्टिकोण राम्रो हुँदैन ।
- सहकारी बाहेक अन्य अरु कसैले विना धितो कर्जा दिँदैन । एक पटक लिएका कर्जा नतिर्दैमा जिन्दगी जाने होइन । फेरि व्यापार व्यवसाय गर्न, अप्ठ्यारो टार्न सहकारी संस्थाहरु नै चाहिन्छ । सहकारीबाट फेरि कर्जा लिनु पर्ने दिन आउँछ ।
- तपाईले भाखा नघाए अरु सदस्यले कारोबार गरेर कमाएको मुनाफाबाट कर्जा जोखिमको लागि पैसा छुट्टाउनु पर्छ । जसले गर्दा संस्थाको मुनाफा घटेर सदस्यको बोनस घट्छ ।
- सदस्यहरुको बचत मार्फत भएको रकम सहकारी संस्थाले लगानी गरेका हुन्छन् । सहकारीले लगानी गर्ने पैसा तपाई हामी सबैको हो । सहकारीको कर्जा नतिर्दा हामीलाई पनि अप्ठ्यारो पर्न सक्छ ।
- घर परिवारमा झैँझगडा हुन्छ । तपाईका बालबच्चा छोराछोरीलाई त्यसले असर गर्छ ।
- अहिलेसम्म कर्जा लिएको पैसा कतै मिनाहा भएको छैन । कर्जा मिनाहा हुन्छ भन्ने भ्रममा नपरौं ।
- सहकारी संस्थाबाट कर्जा लिएर हजारौं सदस्यले व्यापार व्यवसाय गरेर प्रगति गरेका छन् । तपाई पनि उद्यमी बन्नेतिर लाग्नुस् । आफूलाई परेको समस्या सहकारीका कर्मचारीलाई सुनाउनुहोस् । सहकारीका कर्मचारी तपाईका शुभचिन्तक हुन् । उनीहरुले अवश्य तपाईलाई सहयोग गर्ने छन् ।
- समयमै कर्जा तिरौं । समय बितेपछि पछुताउनु बाहेक अर्को विकल्प हुँदैन ।

धन्यवाद !!!

# फ्लास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

धुम्बाराही, रिङ्गरोड चोक,
काठमाडौं, नेपाल

## भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति
बि.सं. १९८५/०३/०७

स्वर्गारोहण मिति
बि.सं. २०८०/०६/०६

यस संस्थाका प्रेरणाका स्रोत एवम् स्नेही जेष्ठ शेयर सदस्य **श्री श्याम प्रसाद कोईराला**ज्यूको ९६ वर्षको उमेरमा मिति बि.सं. २०८०/०६/०६ मा दुखद् निधन भएको खबरले हामी फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार स्तब्ध भएका छौं । उहाँको निधनमा दुख व्यक्त गर्दै आत्माको चिर शान्तिको कामना गर्दछौं । उहाँको आत्मा सदासदाका लागि सर्वशक्तिमान परमात्मामा लीन होस् भन्ने प्रार्थना सहित उहाँ प्रति हार्दिक श्रद्धाञ्जली एवम् भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछौं । साथै यस सहकारी संस्था शोकाकूल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ । यस अकल्पनीय र अपूरणीय क्षतिबाट पर्न गएको आघात सहन गर्न सक्ने शक्ति एवम् धैर्यता शोकाकूल परिवारलाई प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

.....
अध्यक्ष
**नारायणराज पाण्डे**
सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (अ.प्रा.)
तथा
फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार

मिति : बि.सं. २०८०/०६/१४ गते ।

# फ्लास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

धुम्बाराही, रिङ्गरोड चोक,
काठमाडौं, नेपाल

## भावपूर्ण श्रद्धाञ्जली

यस फ्लास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका शेयर सदस्य श्री रुद्र कुमार राजभण्डारीज्यूको मिति २०८०/०५/१५ को दिन ६३ वर्षको उमेरमा उपचारको क्रममा नेपाल क्यान्सर अस्पताल, हरिसिद्धिमा भएको असामयिक स्वर्गारोहणको खबरले हामी सरकारी संस्था परिवार अत्यन्त मर्माहित एवम् स्तब्ध भएका छौं । दिवंगत आत्माको चीर शान्तिको कामना सहित श्रद्धाञ्जली अर्पण गर्दै यस दुखद घडीमा ईश्वरले शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना सहित हार्दिक समवेदना ज्ञापन गर्दछौं ।

.....
अध्यक्ष
**नारायणराज पाण्डे**
सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (अ.प्रा.)
तथा
फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार

मिति : बि.सं. २०८०/०५/२० गते ।

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौँ

पत्र संख्या :- २०७९/०८०
चलानी नं.:- ९६८

मितिः २०७९/०५/२६

श्री सबै सहकारी संघ संस्थाहरु।

विषयः संचालक सदस्यको सामूहिक जिम्मेवारी र जवाफदेहिता रहने सम्बन्धमा।

प्रस्तुत विषयमा सहकारी संघसंस्था सदस्यहरुको लोकतान्त्रिक प्रणालीबाट संचालक समिति र लेखा सुपरीवेक्षण समिति छनौट भई नियमित र निरन्तर रुपमा संचालन हुने संस्था हो । संस्था राम्रैसंग सञ्चालन हुँदा संस्थागत संलग्नताको पदिय हैसियत सहित आफूलाई परिचय गराउने तर संस्थामा केही समस्या देखिनासाथ संचालक समितिमा त्यत्तिकै राखिदिएछन्, संचालक समितिको सदस्य भएपनि मलाई केही थाहा छैन, सबै अध्यक्ष र व्यवस्थापकलाई थाहा छ भनी जिम्मेवारीबाट पन्छिन खोज्ने गरेको देखिन्छ भने केहीले जिम्मेवारीबाट अलग गराइ पाँउ भनि विभागमा आउने गरेको पाइन्छ ।

अतः सहकारी संघसंस्थाहरु संचालक समिति, लेखा सुपरीवेक्षण समिति र सम्पूर्ण शेयर सदस्य समेतको सामूहिक जिम्मेवारीमा रहने संस्था भएको र प्रत्येक संचालक सदस्यले अध्यक्ष वा व्यवस्थापक वा अमुक व्यक्तिलाई जिम्मेवारी पन्छाएर आफू अलग रहन नपाउने भएकोले प्रत्येक संचालक सदस्यले संस्थाको हरेक क्रियाकलापमा चासो राखी संस्थाको र सदस्यको बृहत्तर हितमा केन्द्रित रही संस्थालाई बलियो बनाउन सामूहिक प्रतिबद्दताका साथ कार्यसम्पादन गर्नु गराउनु हुन विभागको मिति २०७९/०५/२६ को निर्णयानुसार अनुरोध गरिन्छ ।

.....
(निरोज घिमिरे)
शाखा अधिकृत

# सहकारी सम्बन्धी निर्देशनहरू

१. सर्वसाधारण नागरिकहरूले सहकारी र बैंक एउटै होइन भन्ने बुझ्नु जरूरी छ । हरेक व्यक्तिले नियमानुसार सहकारीको सदस्यता प्राप्त नगरे सम्म सहकारी संस्थामा बचत सङ्कलन गर्नु हुँदैन । सहकारी संस्थाहरूले सिद्धान्त, मूल्य मान्यता र प्रचलित कानून बमोजिम आ-आफ्नो विनियम अनुसार स्वीकृत कार्यक्षेत्र भित्र सदस्य केन्द्रित कारोबार गर्नुपर्ने हुन्छ ।

२. सहकारी संघसंस्थामा आफ्ना सदस्यहरू भन्दा बाहिर कारोबार गर्न, भ्रमपूर्ण विज्ञापन मार्फत सर्वसाधारणलाई आकर्षित गर्न र संस्थाको साइनबोर्डमा नेपाल सरकारबाट स्वीकृती/मान्यता प्राप्त भनी लेख्न, प्राथमिक पूँजीकोषको १० गुणाभन्दा बढी बचत कारोबार गर्न, एक जना सदस्यले कुल पूँजीकोषको १० प्रतिशतभन्दा बढी रकम ऋण लिन, एउटै परिवारको सदस्य वा एउटै व्यक्ति सञ्चालक समिति, लेखा समितिको सदस्य हुन, एकै प्रकृतिको एकभन्दा बढी संस्थामा सदस्य बन्न र एउटै व्यक्ति एकभन्दा बढी संस्थाको पदाधिकारीमा बस्न पाइदैन ।

३. सहकारी संस्थाका प्रत्येक सदस्य तथा पदाधिकारीहरूले व्यक्तिगत रूपमा संस्थामा नियमित बचत गर्ने र संस्थाको हरेक गतिविधि र काम कारवाहीमा सहभागी भई जिम्मेवारी वहन गर्नुपर्दछ ।

४. लेखापरीक्षकको पारिश्रमिक र पदाधिकारीहरूको भत्ता तथा अन्य सुविधा साधारणसभाबाट पारित गराएर मात्र खर्च गर्नु पर्नेछ ।

५. संस्थागत निरन्तरता र नियमितताको लागि सहकारी संघसंस्थाले अनिवार्य रूपमा वार्षिक साधारणसभा र लेखापरीक्षण गराउनु पर्दछ । लामो समय सम्म वार्षिक साधारणसभा र लेखापरीक्षण नगराउने निष्कृय संस्थाहरूको दर्ता खारेजी गराउन सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूलाई निर्देशन गरिन्छ ।

६. संस्थाका पदाधिकारीहरू नियमनकारी निकाय र सदस्यहरू प्रति उत्तरदायी हुनु पर्दछ । संघसंस्थाको सञ्चालक समिति, लेखा समिति तथा अन्य उपसमितिको बैठक नियमित रूपमा बस्ने र महत्वपूर्ण निर्णयको माइन्युटको प्रमाणित अभिलेख उपस्थित पदाधिकारीहरूको हस्ताक्षर सहित सुरक्षित रूपमा राख्नु पर्नेछ ।

७. उत्पादन, प्रशोधन र वितरणको उद्देश्य सहित ठूलो कार्यक्षेत्र राखी दर्ता भएका केही कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूले स्वीकृत विनियममा भएको प्रावधान विपरित हुने गरी बचत तथा ऋणको कारोवार गर्ने गरेको र खारेजीमा परेका केही सहकारी संस्थाहरूले समेत कारोवार यथावत सञ्चालन गरेको भन्ने बुझिन आएको हुँदा सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूले कडाईका साथ अनुगमन गरी यस्तो कार्य तत्काल बन्द गर्नु गराउनु हुन निर्देशन गरिन्छ ।

८. सहकारी संघसंस्थाको माध्यमबाट अनुत्पादक क्षेत्रमा हुने लगानीलाई निरूत्साहित गर्दै रोजगारी सृजना, उत्पादन तथा आयआर्जन बृद्धि र गरिबी न्यूनीकरणमा टेवा पुर्याउने उद्देश्य अनुरूप समान प्रकृतिका संस्थाहरूको एकीकरण गरी सबल र सक्षम सहकारी उद्यमको निर्माण गर्न सबै सरोकारवालाहरूको ध्यान आकर्षण गराइन्छ ।

९. सहकारी मूल्यमान्यता, सिद्धान्त, प्रचलित कानुन, विभागीय निर्देशन, परिपत्र र मापदण्डको पालना र कार्यान्वयन नगर्ने सहकारी संघसंस्थालाई प्रचलित कानुन अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

१०. सहकारी संघसंस्थाको स्वीकृत विनियममा उल्लेख नभएका कामहरू गर्न गराउन पाइने छैन । तर साधारण सभाबाट विनियम संशोधन गरी सम्बन्धित सहकारी कार्यालयबाट स्वीकृत भए पछि नयाँ काम गर्न सकिने छ ।

# संस्थाको रेखदेख, नियन्त्रण, निर्देशन र सुपरीवेक्षण एवम् प्रबर्द्धन समेतको विशेष जिम्मेवारीमा रहनु भएका शेयर सदस्यज्यूहरू :-

रोहित थापा
५८५१०७२७११

गोपालबहादुर गुरुङ
५८१८५८२३०२

वृजेन्द्रबहादुर हमाल
५८४१४६०३२६

जयराज शर्मा आचार्य
५८५१०८१२४४

दिलिपकुमार श्रेष्ठ
५८५११४७२५३

दयाराम पाण्डे
५८५१०१२७१५

तेजेन्द्रमान मल्ल
५८४१३८२७६०

दिपेन्द्रबहादुर विष्ट
५८५११०५५५५

शान्ती वली
५८५१०३१२२८

सुनिता पाण्डे
५८४१५८५६६६

अम्बिका राणा
५८५२६७४१५५

टिका वली
५८४१३२५०१३

प्रमिलाकुमारी जोन्छे श्रेष्ठ
५८५१०३२०७७

अम्बिका भट्टराई
५८४५१५१७२१

चुनचुनदेवी थापा
५८४१५२८५५८

अमिता देवी थापा
५८५१०३८३५४

माधवबहादुर थापा
५८५१०३८३५४

कमल बस्नेत
५८४१३८१४८७

इन्द्रप्रसाद न्यौपाने
५८५१०४०५५८

प्रल्हाद के.सी.
५८५१०७४८८२

अजयकुमार सिंह
५८५१००४५५८

भरतराज थपलिया
५८४१४८४५४७

राजेश भारती
५७४१०३४७४३

राजु कार्की
५८४१७०५५०४

विकास श्रेष्ठ
५८५१००२३५४

तारा भेटवाल थपलिया
५८४१३१२६८३

सीतादेवी दाहाल
५८५१००२२२४

गीता कर्माचार्य
५८५१०३०७७६

आशा चुडाल
५८४१२२८७५०

जगतबहादुर के.सी.
५८५१११००७८

मायाकुमार शाह
५८४१२०५६७३

धनेन्द्रकुमार पाण्डे
५८५१००५६११

काजी शेर्पा
५८०२०२२०२४

सुमन कटुवाल क्षेत्री
५८५१०७५१००

सरोज भेटवाल
५८५१०१८१८८

रामकाजी श्रेष्ठ
५८५१०२६६७१

डीलमाया थापा
५८४१६०६०४३

रजिता महर्जन
०१-४२८५७७१

आङकाजी शेर्पा
५८५१०३१०६२

सन्तोष श्रेष्ठ
५८५१०१७६०६

श्रृजना राणा कार्की
५८०१०८६८५६

शैलेस बज्राचार्य
५८५१०८८३०२

युक्ती वली
५८५११०३५२२

दिवाकर विक्रम शाह
५८१३५५३६४४

डा.पारस कोइराला
५८४१६६१८००

श्री संजीव खरेल
५८४१४६६५२०

प्रकाशचन्द्र श्रेष्ठ
५८४१५६५५४८

रेणु बिष्ट बस्नेत
५८४१४७४३६५

# संस्थाको रेखदेख, नियन्त्रण, निर्देशन र सुपरीवेक्षण एवम् प्रबर्द्धन समेतको विशेष जिम्मेवारीमा रहनु भएका शेयर सदस्यज्यूहरू :-

शकुन्तला खड्का
५८४१३५७७६५

चण्डिकाप्रसाद अधिकारी
५८४१७६२५३१

आमोश कार्की
५८६००८१८४६

अनुराधा जोशी
५८४१६७६३५५

अस्मिता पाण्डे
५८६२५६८५७८

डा.सुरभी पाण्डे
५८४१३३३६८६

बालाजी रायमाझी
५८४११७०८४५

विद्या कार्की
५८६७०६४२००

विमला श्रेष्ठ
५८५१२८४८२८

विवश के.सी.
५८४१२८३२७२

दिपा बोगटी
५८४१७१६४५५

दीर्घनारायण श्रेष्ठ
५८४१२६६१८०

सुनिरराज पाण्डे
५८४१३३७५८१

कावेरी चन्द
०१-४८५०२८१

कमला कुलाल
५८४००१८७२७

कृष्णनारायण जोशी
५८४७८३४४१४

मनोरञ्जन रमण जोशी
५८५१०२४३७८

निहा पाण्डे
५८४१५२२७५५

पदमराज पाण्डे
५८५१०२६३८४

प्रीति कार्की
५८४१३७५११६

पूर्णमान जोशी
५८५१०१६८३०

रामधन श्रेष्ठ
५८५७८३०७०८

रश्मी पोखरेल
५८५११५४११३

रुक्मनी श्रेष्ठ
५८४७८३४४१४

सुधा थापा
५८५१२३०६७६

सुरेशकुमार बस्नेत
५८४१३७५२८०

रुकमिणी कडेल
५८४०२५५३३०

पवन भट्टराई

सरिता पोखरेल
५८४५५६२४१४

कमला कोईराला
५८६०४२५५५५

यज्ञलक्ष्मी कुँवर थापा
५८५१०६७८०७

विन्दु बस्नेत
५८४१४३३६५७

हरिओम ध्वज जोशी
५८५१०८८४४६

फेवे कार्की
५८५११८२१०४

श्रीमती सुजना कँडेल
५८४१३७००२४

महेशकुमार रेग्मी
५८१३८२५०२५

शंकरप्रसाद शर्मा
५८४३७५४७५७२

पार्वती श्रेष्ठ
५८०५८५६२१८

शोभाकुमारी राजभण्डारी
५८४१६४४८७६

गंगाबहादुर थापा
५८५१०६६६५६

वालेश्वरी श्रेष्ठ

सिन्धु चन्द
५८१८६४६३६१

ससिन जोशी
५८५१०२१०६३

सुधा शाही
५८५११०७०७७

ज्ञानेन्द्र कार्की
५८५१०८७४४५

हिमानी शर्मा
५८४५४६६८८०

त्रिवेणी चन्द
०१-४८५०२८१

विजयबहादुर कुँवर
५८५१०२६७५१

डा.मुक्तिराम रिजाल
५८५१०६३७३१

शैबा शाह
५८५१०८८४०६

कमला कार्की के.सी.
५८६१२५३७३१

ओम बहादुर खवास
५८०८५३८५१६

ध्रुब बहादुर कुँवर
५८५८४२२५३८

जितेन्द्र राजभण्डारी
५८५१०२३२६५

बन्धु रञ्जन
५८५१०२३२१३

विराट श्रेष्ठ
५८४०२६६८०६

# संस्थाको रेखदेख, नियन्त्रण, निर्देशन र सुपरीवेक्षण एवम् प्रबर्द्धन समेतको विशेष जिम्मेवारीमा रहनु भएका शेयर सदस्यज्यूहरू :-

श्यामकृष्ण पाण्डे
५८४६१२५४६६

ईन्दिरा प्रधान
५८४१७११३३१

जय कोइराला
५८५१०१८१५३

करुणा गुरुङ
५८४०१६२६२५

लिला खड्का उप्रेती
५८४३७५६७५

महेन्द्रबहादुर राउत
५८४११३७६५८

मिठाराम कार्की
५८५१०२७५१७

पुजा राजभण्डारी
५८४११६१४५५६

पुनम राजभण्डारी
५८४३५१५७६१

राधा खनाल कोइराला
५८४१३८८२००

राधा शाक्य श्रेष्ठ
५८४०२६६८०६

राजु थापा
५८५१००८८४५

रेमन्त नाथ
५८५१२५५६६

रिया श्रेष्ठ
५८४०२६६८०६

सजिव विक्रम राणा
५८५११५५८७४

थमसन पन्त
५८४१६४५२२०

सुनिता ढकाल कोइराला
५८४१३८८२००

ईन्द्रकुमारी लामा
५८४१२७१३१५

कमला श्रेष्ठ
५८५१०५८२७४

चन्द्रमाया दाहाल बुढाथोकी
५८४१२५६१८३

रणध्वज पाण्डे
५८५१०३११०६

विनोदकुमार श्रेष्ठ
५८५७८२०२१८

नारायण ब. रायमाझी
५८५७०३३३७३

सुस्मिता श्रेष्ठ
५८४३८५५२६४

नवराज वराल
५८५१०१८१५३

दिनेश राज मानन्धर
५८५१०५१८२२

आरती मानन्धर
५८४१३०२२५५

प्रवेश राज पाण्डे
५८२३५८८७७५

बसुधा खनाल
५८४२०२२०४

महेन्द्रजंग सिवाकोटी
५८५१०३७०६५

देवराज भण्डारी
५८५१०७२००२

सीताराम काफ्ले
५८५१०५०८७५

सहकारी शिक्षा तथा अन्तरक्रिया कार्यक्रम
PG
RESORT
PG
RESORT

फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.
FLASH MULTIPURPOSE CO-OPERATIVE LTD.
काठमाण्डौं